# पहिलो परिच्छेद
# परिचय

## १.१ शोपत्रको शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **सालिक निबन्ध संङ्ग्रहको कृतिपरक अध्ययन** रहेको छ ।

## १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत एम.ए. दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार गरिएको हो ।

## १.३ विषयपरिचय

कविता विधाबाट साहित्य लेखनमा प्रवेश गरेका प्रधानका कविताका अतिरिक्त कथा, समालोचना निबन्ध जस्ता विविध विधाका कृतिहरू प्रकाशित छन् । उनका 'कवि व्यथित र काव्यसाधना', 'नेपाली उपन्यास र उपन्यासकार' तथा 'सिर्जनाको सेरोफेरो' गरी तीनवटा समालोचनात्मक कृति प्रकाशित छन् । उनले 'साझा समालोचना' को सम्पादन पनि गरेका छन् । यसका अतिरिक्त उनका 'सालिक', 'अनाम सत्य' र 'पाइला आगतमा टेकेर' तीनवटा निबन्ध सङ्ग्रहका साथै केही फुटकर समालोचना पनि प्रकाशित छन् । यी बाहेक 'आँखा', 'नेपाली साहित्य कोश', 'समकालीन साहित्य', 'जनसाहित्य', 'हिमानी', 'पासा' जस्ता कृति र पत्रपत्रिकाको प्रकाशन र सम्पादन गर्नुले उनको साहित्यिक व्यक्तित्वका साथै सम्पादन व्यक्तित्वको झलक दिन्छ ।

## १.४ समस्याकथन

'सालिक' कृष्णचन्द्रसिंह प्रधानद्वारा लेखिएका तेह्रवटा निबन्धहरूको सङ्ग्रह हो । यो प्रधानको मौलिक निबन्ध सङ्ग्रह हो । यस निबन्धसङ्ग्रहभित्र सङ्कलित केही निबन्धहरूको फुटकररूपमा चर्चा भए पनि यस सङ्ग्रहका समग्र निबन्धहरूको कृतिपरक गहन अध्ययन नभएका कारणले सो सङ्ग्रहभित्रका निबन्धहरूको कृतिपरक अध्ययनलाई समस्या कथन बनाइएको छ । प्रस्तुत शोधकार्यसँग निम्नलिखित समस्या सम्बन्धित रहेका छन् :

१. कृष्णचन्द्रसिंह प्रधानको जीवनी के कस्तो छ ?

२. निबन्धको सैद्धान्तिक स्वरूप र नेपाली निबन्धको विकासक्रम के कस्तो रहेको छ ?

३. 'सालिक' निबन्धसङ्ग्रहभित्रका निबन्धहरू कृतिपरक विश्लेषणका दृष्टिबाट के कस्ता छन् ?

## १.५ शोधकार्यको उद्देश्य

नेपाली निबन्धको फाँटमा महत्त्वपूर्ण स्थान ओगटेका निबन्धकार कृष्णचन्द्रसिंह प्रधानको सङ्क्षिप्त जीवनी, साहित्यिक पृष्ठभूमिका साथै 'सालिक' निबन्ध सङ्ग्रहको कृतिपरक विवेचना' गरी यस सङ्ग्रहभित्रका निबन्धमा रहेका वैशिष्ट्य पहिल्याउनु यस शोधकार्यको उद्देश्य हो । प्रस्तुत शोधकार्यका निम्न उद्देश्य रहेका छन् :

१. कृष्णचन्द्रसिंह प्रधानको जीवनीको निरूपण गर्नु ।

२. निबन्धको सैद्धान्तिक स्वरूप र नेपाली निबन्धको विकासक्रम पहिल्याउनु ।

३. 'सालिक' निबन्धसङ्ग्रहभित्रका निबन्धहरूको कृतिपरक अध्ययन गर्नु ।

## १.६ पूर्वकार्यको विवरण

कृष्णचन्द्रसिंह प्रधान सफल निबन्धकार भए पनि चर्चाका दृष्टिले कमै चर्चित निबन्धकार हुन् । प्रधानको निबन्धकारिता र उनका निबन्धको चर्चा फुटकर रूपमा भए तापनि 'सालिक' निबन्धसङ्ग्रहको कृतिपरक अध्ययन भएको पाइँदैन । यस अघि प्रधानको निबन्धकारिता र यस निबन्ध सङ्ग्रहका बारेमा पूर्वकार्यका सङ्क्षिप्त रूपरेखा यहाँ प्रस्तुत गरिएको छ ।

१. रामलाल अधिकारीले 'नेपाली निबन्धयात्रा' (दार्जिलिङ नेपाली साहित्य सञ्चायिका, २०३२) मा प्रधानलाई कहीँ तार्किक झैँ कहीँ चिन्तनशील कहीँ दार्शनिक र कहीँ नीतिकार भन्दै सफल र सशक्त निबन्धकारका रूपमा चिनाएका छन् ।

२. कृष्णचन्द्र घिमिरेले 'निबन्धकार लक्ष्मीप्रसाद देवकोटाकोटो निबन्धकारिताको विश्लेषण र मूल्याङ्कन' (त्रि.वि.वि. मा प्रस्तुत स्नातकोत्तर शोधपत्र २०३८) मा निबन्धकार कृष्णचन्द्रसिंह प्रधानलाई ठाउँठाउँमा तुलना गर्दै प्रगतिवादी र राष्ट्रवादी निबन्धकार भनेका छन् ।

३. तारानाथ शर्मा (सम्पा.) 'पच्चीस वर्षका नेपाली निबन्ध' (काठमाडौँ : नेपाल राजकीय प्रज्ञा पतिष्ठान, २०३९) मा प्रधानलाई आत्मपरक निबन्धकारका रूपमा चिनाएको पाइन्छ ।

४. भैरव अर्याल (सम्पा.) 'साझा निबन्ध' (काठमाडौँ : साझा प्रकाशन २०४०) मा प्रधानलाई कवि, समालोचकका साथै एक सशक्त निबन्धकारका रूपमा चिनाएका छन् ।

५. कृष्णप्रसाद आचार्य 'साहित्यकार कृष्णचन्द्रसिंह प्रधानको जीवनी, व्यक्तित्व र कृतित्वको विश्लेषणात्मक अध्ययन' (त्रि.वि.वि. मा प्रस्तुत स्नातकोत्तर शोधपत्र, २०४३) मा प्रधानलाई युगीन चिन्तन, युगबोध, शान्तिको चाहना, मानवतावाद, दर्शन र वैचारिकता, संस्मरण र उद्धरण, सामाजिक विषयवस्तुमा बौद्धिकताको प्रयोग, सङ्क्षिप्तता, प्रतीकात्मकता, व्यङ्ग्यको रमरम प्रयोग गर्ने निबन्धकारका रूपमा चिनाएको पाइन्छ ।

६. डा. दयाराम श्रेष्ठ र मोहनराज शर्माले 'नेपाली साहित्यको सङ्क्षिप्त इतिहास ( काठमाडौँ : साझा प्रकाशन, २०४९) मा प्रधानलाई २००७ साल पछिका नेपाली निबन्धलाई सम्पन्न बनाउने निबन्धकारका रूपमा उल्लेखगर्दै नेपाली निबन्धको विकासकाल अन्तर्गत सशक्त कलम लिएर वा बौद्धिक घनत्व र गद्दिक विशेषताका निबन्ध लेख्नेमा प्रधानको नाम पनि उल्लेख गर्दै उनका निबन्धमा सौन्दर्यमूलक भावना र वस्तुतथ्यमूलक विचार भएको कुरा व्यक्त गरेका छन् ।

७. राजेन्द्र सुवेदीले 'स्रष्टा सृष्टि द्रष्टा दृष्टि' (काठमाडौँ : साझा प्रकाशन, २०४९) मा नेपाली निबन्धको आधुनिक चरणअन्तर्गत आत्मपरक अभिव्यक्ति भएका निबन्ध लेखेर आफ्नो वर्चस्व कायम गर्ने निबन्धकारका रूपमा प्रधानलाई चिनाएका छन् ।

८. राजेन्द्र सुवेदीले 'केही समीक्षण केही विश्लेषण' (काठमाडौँ : साझा प्रकाशन, २०४९) मा प्रधानलाई बौद्धिक प्रस्तुति व्यङ्ग्यचेत र निजात्मक अनुभूतिका प्रतिभाका रूपमा चिनाएका छन् ।

९. कल्पना लुइँटेलले 'कृष्णचन्द्रसिंह प्रधानको निबन्धकारिता' (त्रि.वि.वि. मा प्रस्तुत स्नातकोत्तर शोधपत्र, २०५३) मा कृष्णचन्द्रसिंह प्रधानको निबन्धकारिताको विषयवस्तु, संरचना र कथन ढाँचा तथा भाषाशैलीको मूल्याङ्कन गर्दै उनका निबन्धमा विषय, संरचना कथनढाँचा र भाषाशैलीमा निबन्धकारिताका विशिष्ट

पक्षहरू अन्तरनिहित रहेको चर्चा गर्दै उनको 'सालिक' निबन्धसङ्ग्रहभित्रका निबन्धको चर्चा गरेको पाइन्छ ।

१०. राजेन्द्र सुवेदीले 'स्नातकोत्तर नेपाली निबन्ध' (काठमाडौँ : पाठ्यसामग्री पसल, २०५६) मा प्रधानका निबन्धलाई दुई चरणमा विभाजन गर्दै उनको 'सालिक' निबन्धसङ्ग्रहमा सङ्कलित निबन्धले चिन्तनको गहिराई र विसङ्गतिबोधका उच्चता प्रतिपादन गरेको कुरा उल्लेख गरेका छन् ।

यसरी कृष्णचन्द्रसिंह प्रधानका बारेमा नेपाली साहित्यका विभिन्न समालोचकहरूले चर्चा परिचर्चा गरेको भए तापनि उनको 'सालिक' निबन्धसङ्ग्रहको आद्योपान्त चर्चा गरेको पाइँदैन । यस सङ्ग्रहभित्रका छिटफुट रचनाहरूको सङ्क्षिप्त समीक्षात्मक टिप्पणी बाहेक यस सङ्ग्रहको कृतिपरक अध्ययन नभएकाले प्रस्तुत शोधपत्रमा यसै विषयमा केन्द्रित भई अध्ययन गरिएको छ ।

## १.७ शोधको औचित्य

कृष्णचन्द्रसिंह प्रधानद्वारा लिखित 'सालिक' निबन्धसङ्ग्रहका बारेमा वेलाबखत केही समीक्षकहरूद्वारा चर्चा-परिचर्चा गरिएको छ तर यसका बारेमा विभिन्न कोणबाट व्यापक र विस्तृत व्याख्या-विवेचना गरी यस सङ्ग्रहका कृतिगत वैशिष्ट्य औंल्याउने काम भएको छैन । प्रस्तुत शोधपत्रमा विभिन्न सान्दर्भिक कोणहरूबाट यस कृतिको कृतिपरक विवेचना गर्ने काम गरिएको हुँदा प्रस्तुत शोधकार्य औचित्यपूर्ण छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्र कृतिपरक विवेचनामा आधारित छ । यस शोधपत्रमा कृष्णचन्द्रसिंह प्रधानद्वारा लिखित 'सालिक' निबन्धसङ्ग्रहको कृतिपरक विवेचना गरिएको छ । यस सङ्ग्रहबाहेकका प्रधानका अन्य निबन्धकृतितर्फ यो अध्ययन विस्तारित छैन । निबन्धका आधारभूत तत्वहरू विषयवस्तु, उद्देश्य/विचार/जीवनदर्शन र प्रस्तुतिका आधारमा यस निबन्धसङ्ग्रहभित्रको तेह्रवटा निबन्धको कृतिपरक अध्ययन गर्नुलाई प्रस्तुत शोधकार्यकोक्षेत्र र सीमा बनाइएको छ । निबन्धभित्र पाइने सामाजिक, देशभक्ति, सौन्दर्य, प्रकृति, साहित्य जस्ता विविध कुराहरूलाई छुट्टाछुट्टै शीर्षक नदिई निबन्धका आधारभूत तत्वभित्र समाहित गरेर अध्ययन विश्लेषण गर्नुलाई यसको सीमाक्षेत्र बनाइएको छ । यसका साथै निबन्धको

सैद्धान्तिक स्वरूप निर्धारण, निबन्धकारको सङ्क्षिप्त जीवनी र 'सालिक' निबन्ध सङ्ग्रहका केन्द्रीयतामा प्रधानका निबन्धगत प्रवृत्तिको सङ्क्षिप्त चिनारी गराउनुलाई समेत यस शोधपत्रको सीमाभित्र समेटिएको छ ।

### १.९ शोधकार्यको विधि

प्रस्तुत शोधपत्र कृतिपरक अध्ययनसँग सम्बन्धित भएकाले यो शोधपत्र तयार गर्ने समबन्धमा पुस्तकालयीय अध्ययन विधिलाई अपनाई सम्बन्धित विषयका पाठ्यपुस्तक र पत्रपत्रिकाहरूको अधययन गरी सामग्री सङ्कलन गरी विभिन्न कोणबाट 'सालिक' निबन्धसङ्ग्रहको कृतिपरक विवेचना गरिएको छ ।

### १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई पाँच परिच्छेदमा प्रस्तुत गरिएको छ । यसको रूपरेखाको सङ्गठन यसप्रकार रहेको छ ।

१. पहिलो परिच्छेद : शोध परिचय

२. दोस्रो परिच्छेद : 'सालिक' निबन्धसङ्ग्रहका निबन्धकारको सङ्क्षिप्त जीवनी

३. तेस्रो परिच्छेद : निबन्धको सैद्धान्तिक स्वरूप र नेपाली निबन्धको विकास

४. चौथो परिच्छेद : 'सालिक' निबन्ध सङ्ग्रहको कृतिपरक विवेचना

५. पाँचौं परिच्छेद : उपसंहार, मूल्याङ्कन र निष्कर्ष

# दोस्रो परिच्छेद

## २.१ 'सालिक' निबन्धसङ्ग्रहका निबन्धकार कृष्णचन्द्रसिंह प्रधानको सङ्क्षिप्त जीवनी

## २.२ बाल्यकाल

### २.२.१ जन्म तथा जन्मस्थान

कृष्णचन्द्रसिंह प्रधानको जन्म वि.सं. १९८२ साल श्रावण महिनामा नागपञ्चमीका दिन काठमाडौँको तुच्छे गल्लीमा भएको हो ।[१] कृष्णचन्द्रसिंह प्रधानको न्वारनको नाउँ गोविन्दप्रसाद प्रधान हो ।[२] कृष्णचन्द्रसिंह प्रधानका पिता सूर्यप्रसाद प्रधान र माताचाहिँ सूर्यमाया प्रधान हुन् ।[३] उनी सूर्यप्रसाद प्रधानका पाँचभाइ छोरामध्ये साहिँला छोरा हुन् ।[४] सम्पन्न परिवारमा जन्मेर पनि उनी आफ्ना बाबुका अत्यन्त मीठो खानुपर्ने, निकै राम्रा कपडा लगाउनुपर्ने र मोजमज्जाको लागि जुवा खेल्नुपर्ने तीन अम्मलले गर्दा उनको बाबुको आर्थिक अवस्था कमजोर भएपछि उनी बाल्यावस्थादेखि नै विपन्नताको जालोमा पर्दछन् ।[५] आर्थिक विपन्नता र बस्ने वाससमेत नभएपछि प्रधानका पिता रानीगञ्जमा जागिरे भए र जाँदा कृष्णचन्द्र प्रधानसहित उनको आमालाई लिएर गएका थिए ।[६]

### २.२.२ शिक्षादीक्षा

विसं. १९८७ सालमा रानीगञ्जबाट पिता श्रीपुर आएपछि पाँच वर्षको उमेरमा प्रधानको अक्षरारम्भ सुरु भयो ।[७] दुई वर्षको उमेरमा रानीगञ्ज पुगेका कृष्णचन्द्रसिंह प्रधान पाँच वर्षको उमेरमा वीरगञ्जको जुद्धोदय माध्यमिक विद्यालयको कक्षा १ मा भर्ना भए ।[८] ५ कक्षासम्मको औपचारिक शिक्षा लिएका प्रधानले आफ्नो आर्थिक विपन्नताका कारण पढाइ छोड्नुपरेको थियो ।[९] यसरी जम्मा पाँच कक्षासम्मको औपचारिक शिक्षा पाएका प्रधानको बाल्यकाल विहानबेलुका तमाखु भर्दैमा देहाती अशिक्षित केटाकेटीसँग खेल्दैमा बित्यो ।[१०] १३ वर्षको भएपछि प्रधानले आफ्नो विषयमा केही सोच्न थाले आफूसँगका साथीहरू स्कुलमा

---

[१] कृष्णप्रसाद आचार्य, 'साहित्यकार कृष्णचन्द्रसिंह प्रधानको जीवनी, व्यक्तित्व र कृतित्वको विश्लेषणात्मक अध्ययन'काठमाडौँ : २०४३, त्रि.वि. स्नातकोत्तर अप्रकाशित शोधपत्र), पृ. १ ।

[२] ऐजन ।

[३] ऐजन ।

[४] ऐजन ।

[५] कल्पना लुइँटेल, 'कृष्णचन्द्रसिंह प्रधानको निबन्धकारिता' (काठमाडौँ : २०५३, त्रि.वि. स्नातकोत्तर अप्रकाशित शोधपत्र), पृ. १० ।

[६] ऐजन, पृ. ११ ।

[७] कृष्णप्रसाद आचार्य, पूर्ववत्, पृ. ४ ।

[८] कल्पना लुइँटेल, पूर्ववत् ।

[९] ऐजन ।

[१०] उत्तम कुँवर, 'स्रष्टार साहित्य', (चौ.सं. २०५०), काठमाडौँ साझा प्रकाशन, पृ. १०९ ।

पढिरहेका र आफू घरमा बस्नु परेकाले उनमा खिन्नता पलायो ।[११] एकदिन दाजु हृदयचन्द्रसिंह प्रधानको पत्रिकामा नाम छापिएको देख्दा उनलाई पनि आफ्नो नाम छपाउन रहर लाग्यो । यही धुनमा उनी आफूलाई मर्का परेको विषयमा 'हाय ! हुक्का, हाय ! तमाखु' लेखे ।[१२] यसरी तेह्रवर्षको बाल्यावस्थाबाट उनी कविता लेखनतर्फ प्रेरित भएको देखिन्छ । पढाइबाट वञ्चित हुनुपरेकाले उनमा एकांकीपन बढ्दै आयो । उनमा सानैदेखि गम्भीर स्वभाव भएकाले एक्लै बस्ने, कविता लेख्ने, चित्र कोर्ने र दाजु हृदयचन्द्रसिंहलाई चिठी तयार गर्ने गर्दथे ।[१३]

### २.२.३ साहित्यसिर्जनामा प्रेरणा

वि.सं. १९९४ मा हृदयचन्द्रसिंह प्रधान आफ्नो विवाहको सिलसिलामा वीरगञ्ज गएका थिए । आफू वीरगंजमा जाँदा 'शारदा' पत्रिका र अन्य पुस्तक लिएर गएका थिए । कृष्णचन्द्रले ती पुस्तक पत्रिकाहरू निकै चाख दिएर पढ्न थाले । पढ्ने क्रममा आफ्ना दाजुको नाम पत्रिकामा छापिएको देखेर प्रधानलाई पनि आफ्नो नाम पत्रिकामा छपाउने उत्सुकता जाग्यो । यही उत्सुकताले गर्दा १३ वर्षकै उमेरदेखि उनी साहित्यसिर्जनामा लागे ।[१४] यसरी स्वयम् आफ्ना सहोदर दाजुको प्रेरणा र प्रभाव उनमा परेको देखिन्छ ।

### २.२.४ साहित्यसिर्जना र प्रकाशन

कृष्णचन्द्रसिंह प्रधानलाई १३ वर्षको उमेरमा पनि उनको तमाखु भर्ने काम टुटेको थिएन । १९९४ सालमा दाजुको आगमन, पत्रपत्रिका र पुस्तक पढ्ने रुचि र तमाखु भर्नुपर्ने झन्झटले उनलाई कविता लेखनतर्फ प्रवृत्त बनाएको देखिन्छ । वि.सं. १९९५ सालमा तेह्र वर्षको उमेरमा प्रधानले 'हाय ! हुक्का हाय ! तमाखु' नामक कविता लेखेर आफ्ना मर्मलाई व्यक्त गरेका थिए । यही नै उनको पहिलो कविता हो । यस कविताबाट कृष्णचन्द्रसिंह प्रधानको लेखकीय जीवनको प्रारम्भ भएको हो ।[१५]

---

[११] कृष्णप्रसाद आचार्य, पूर्ववत्, पृ. ५ ।
[१२] उत्तम कुँवर, पूर्ववत्, पृ. १०९–११० ।
[१३] कल्पना लुइँटेल, पूर्ववत्, पृ. १२ ।
[१४] कृष्णप्रसाद आचार्य, पूर्ववत्, प. ६ ।
[१५] ऐजन ।

प्रकाशनका दृष्टिले २००२ सालमा वनारसबाट प्रकाशित हुने ‘उदय’ पत्रिकामा प्रकाशित भएको ‘अश्रुधारा’ नामक कविता उनको सर्वप्रथम प्रकाशित रचना हो ।[१६] यो कविता प्रधानले २००२ सालमा आमाको मृत्युपछि मातृशोकमा लेखेका हुन् । २००८ सालमा उनको ‘भञ्ज्याङनिरै’ गद्य कविता सङ्ग्रह प्रकाशित भयो । यही नै उनको प्रथम प्रकाशित कृति हो । यही कविता सङ्ग्रहबाट उनी नेपाली कविता क्षेत्रमा चर्चित हुन पुगेका छन् ।[१७] कविता विधाबाट साहित्य लेखनमा प्रवेश गरेका प्रधानका कविताका अतिरिक्त कथा, समालोचना निबन्ध जस्ता विविध विधाका कृतिहरू प्रकाशित छन् । उनका ‘कवि व्यथित र काव्यसाधना’, ‘नेपाली उपन्यास र उपन्यासकार’ तथा ‘सिर्जनाको सेरोफेरो’ गरी तीनवटा समालोचनात्मक कृति प्रकाशित छन् । उनले ‘साझा समालोचना’ को सम्पादन पनि गरेका छन् ।[१८] यसका अतिरिक्त उनका ‘सालिक’, ‘अनाम सत्य’ र ‘पाइला आगत टेकेर’ तीनवटा निबन्ध सङ्ग्रहका साथै केही फुटकर समालोचना पनि प्रकाशित छन् । यी बाहेक ‘आँखा’, ‘नेपाली साहित्य कोश’, ‘समकालीन साहित्य’, ‘जनसाहित्य’, ‘हिमानी’, ‘पासा’ जस्ता कृति र पत्रपत्रिकाको प्रकाशन र सम्पादन गर्नुले उनको साहित्यिक व्यक्तित्वका साथै सम्पादन व्यक्तित्वको झलक दिन्छ ।[१९]

### २.२.५ संस्थागत वा सार्वजनिक जिम्मेवारीमा सक्रियता

आफूले पढ्न नपाउँदाको पीडाको अनुभव बोकेका प्रधानले शैक्षिक विकासमा आफूलाई क्रियाशील बनाएको देखिन्छ । उनी शान्ति निकुञ्ज विद्यालय (२००४), विद्यालय मन्दिर पुस्तकालय (२००४), सन्देश गृह (२००४), नेपाली साहित्य परिषद् (२००३), प्रगतिशील लेखक संघ (२००९), नेपाली साहित्य संस्थान (२०१८), महेन्द्ररत्न कलेज ( २०२०) आदिका संस्थापक सदस्यहरूमध्ये एक हुन् । विद्यालयको शिक्षकदेखि संचालक समितिको सदस्य, नेपला राजकीय प्रज्ञा प्रतिष्ठानको सह-सदस्य र साझा प्रकाशनको महाप्रबन्धकसम्म भएर उनले शैक्षिक तथा साहित्यिक क्षेत्रको सेवा गरे ।[२०]

---

[१६] उत्तम कुँवर, पूर्ववत्, पृ. ११० ।

[१७] कृष्णप्रसाद आचार्य, पूर्ववत, पृ. ७ ।

[१८] उत्तम कुँवर, पूर्ववत्, पृ. ११० ।

[१९] ऐजन, पृ. ३०५ ।

[२०] राजेन्द्र सुवेदी, सम्पा., स्नातकोत्तर नेपाली निबन्ध, ते.सं. २०५६, काठ., पाठ्यसामग्री पसल, पृ. ३९ ।

### २.२.६ सम्मान-पुरस्कार

नेपालको शैक्षिक र साहित्यिक क्षेत्रमा सेवा गरेवापत कृष्णचन्द्रसिंह प्रधानले केही मानसम्मान र पुरस्कार पनि पाएका छन् । वि.सं. २००४ सालमा नेपलाी साहित्य परिषद्ले सरस्वती सदनमा आयोजना गरेको सशुल्क साहित्य सम्मेलनमा उनले कविता प्रतियोगितामा सर्वप्रथम रु. १००/- पुरस्कार पाएका थिए ।[२१] उनले 'कवि व्यथित र काव्यसाधना' समालोचनात्मक ग्रन्थवापत मदनपुरस्कार (२०१५), शिक्षणपेशामा योगदान गरेवापत गोरखा दक्षिणबाहु (२०२५), नेपाली उपन्यास र उपन्यासकार कृतिका लागि साझा पुरस्कार (२०३७), पाइला आगत टेकेर कृतिका लागि धरणीधर पुरस्कार, उत्तम कुँवर पुरस्कार र साझा पुरस्कार प्रदान गरियो । त्यसैगरी प्रतिभा पुरस्कार प्रतिष्ठान (विराटनगर) र धौलागिरि साहित्यिक प्रतिष्ठानबाट उनलाई अभिनन्दनगरिएको थियो ।[२२] उनलाई साझा प्रकाशनको महाप्रबन्धक र नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा सह-सदस्य र सदस्य नियुक्ति गरिनु पनि उनीप्रतिको सम्मान र उनले गरेको योगदानको कदर हो ।

## २.३ साहित्येतर व्यक्तित्व

जीवनयात्राको क्रममा मानिस विभिन्न पक्षहरूसित सम्बन्धित हुनपुग्दछ । सधैँ एउटै मात्र सोच र एउटै काममा लागेर पनि जीवनयात्रा पूर्ण हुन पाउँदैन । बहुआयामिक हुनु आजका मानिसको लागि आवश्यक पनि देखिन्छ । साहित्यकार ओझाको जीवनयात्रा पनि विभिन्न आयामहरू सित सम्बन्धित हुँदै अगाडि बढेको पाइन्छ । साहित्यिक रचनाहरूमा मात्रै सीमित नरही उनले ऐतिहासिक, धार्मिक, सांस्कृतिक र सामाजिक विषयका लेखरचना र पुस्तकहरूको सिर्जना र प्रकाशन गरेका छन् । प्रधानद्वारा रचित साहित्येतर प्रचलित कृतिहरू निबन्धहरूमा शालिक, पाइला आगत टेकेर, अनाम सत्य र विभिन्न प्रचलित उपन्यासमा समेत कलम चलाएको पाइन्छ । प्रधानमा धार्मिक, सामाजिक, राजनैतिक र व्यवस्थापक व्यक्तित्व रहेको पाइन्छ जसले गर्दा उनको साहित्येतर व्यक्तित्व स्पष्ट झल्किन्छ ।

---

[२१] कल्पना लुइँटेल, पूर्ववत्, पृ. १४ ।

[२२] ऐजन ।

### २.३.१ समाजसेवी व्यक्तित्व

साहित्यकार प्रधानको विभिन्न सामाजिक कार्यहरूमा सक्रिय सहभागिता रहेको देखिन्छ ।बाटाघाटा र मठमन्दिरहरूको निर्माण एवं मर्मतसम्भार, सार्वजनिक स्थलहरूमा वृक्षारोपण जस्ता कार्यहरूमा उनको महत्वपूर्ण योगदान रहिआएको पाइन्छ । यसका साथै देशका विभिन्न ठाउँहरूमा गरिएका मूर्तिस्थापना, मन्दिरहरूको निर्माण र जिर्णोद्धार, धार्मिक स्थलहरूको सरसफाई अभियान, सार्वजनिकबाटाघाटा र प्रतिक्षालयको निर्माण एवम् चौताराहरूको निर्माण जस्ता सामाजिक कार्यहरूमा ओझाको महत्वपूर्ण योगदान रहँदै आएको देखिन्छ ।

### २.३.२ धार्मिक व्यक्तित्व

निबन्धकार प्रधानले धार्मिक कार्यहरू गर्दै र गराउँदै जीवनको लामो समय बिताइरहेका देखिन्छन् । उनका साहित्यिक सिर्जना र प्रवचनहरूमा पनि धार्मिकताका कृतिहरू भेटिन्छन् । उनले प्रंकाशित गरेका विभिन्न निबन्ध तथा उपन्यासहरूमा धार्मिक कीर्तिहरूसमेत समावेश गरेको पाइन्छ ।

### २.३.३ राजनैतिक व्यक्तित्व

साहित्यकार ओभ्फाले राजनीतिको क्षेत्रमा आगन्तुकको रूपमा प्रवेश लिएको देखिन्छ । जागिरे जीवन बिताइरहेका प्रधानले राजनीतिमा प्रवेश लिएका हुँदा यस कालखण्डले उनको जीवनमा नयाँ मोड ल्याएको देखिन्छ । उक्त समय अवधि भित्र उनी प्रधान पञ्च रही क्रियाशील रहेका देखिन्छन् । उनको कार्यकालमा त्यस क्षेत्रमाबाटोघाटोको निर्माण लगायत अनेक निर्माण सुधारका कार्यहरू भएका देखिन्छन् ।

# तृतीय परिच्छेद

# निबन्धको सैद्धान्तिक स्वरूप र नेपाली निबन्धको विकास

## ३.१ निबन्धको व्युत्पत्ति र अर्थ

प्राचीन समयमा साहित्यलाई श्रव्यकाव्य र दृश्यकाव्य गरी दुई भागमा विभाजित गरिएको छ । दृश्यकाव्य अन्तर्गत नाटक र श्रव्यकाव्य अन्तर्गतका दुई हाँगा गद्य र पद्यमध्ये पद्यमा कविता र गद्यमा कथा, उपन्यास र निबन्ध पर्दछन् ।

साहित्यका प्रमुख विधामध्ये निबन्ध छोटो-छरितो एक गद्य विधा हो ।[२३] आकारका हिसाबले एक बसाइँमा पढिसकिने लेखकको विचार उन्मुक्त रूपले अभिव्यक्ति भएको श्रृङ्खलितरूपमा बाँधिएको गद्यात्मक प्रस्तुति निबन्धको विशेषता हो । निबन्धलेखनमा साधना र अभ्यासले प्रौढता प्राप्त गरेपछि मात्र सशक्त निबन्ध सिर्जना हुन सक्दछ । निबन्धको विषयवस्तुमा सीमितता पाइँदैन । निबन्धमा साहित्यका अन्य विधाका गुण पनि थोरबहुत समाहित हुन सक्छन् ।

### ३.१.१ निबन्ध शब्दको अर्थ

'नि' उपसर्ग लागेको 'बन्ध' शब्दमा 'घञ्' प्रत्यय हुँदा निबन्ध शब्द बन्छ र यसको शाब्दिकअर्थ मौलिक रूपमा राम्ररी बाँध्नु हो । हेमचन्द्रले यसको प्रयोग सङ्ग्रह ग्रन्थ, मुत्ररोधरूपी रोग तथा बन्धको अर्थमा गरेका छन् । प्राचीनकालमा लेखिएका भोजपत्रहरूलाई तह लगाएर बाँध्ने वा सिउने जुन क्रिया हुन्थ्यो त्यसैलाई बुझाउने अर्थमा निबन्ध शब्दको प्रयोग हुन्थ्यो ।[२४] गीतामा सांसारिक वाचामा बाँधिने अर्थमा याज्ञवल्क्य स्मृतिमा द्रव्यका अर्थमा निबन्ध शब्द आएको छ ।[२५] 'वासवदत्ता' र 'न्यायमञ्जरी' ग्रन्थमा रचनाका अर्थमा, 'कादम्बरी' मा शाब्दिक कलाको चमत्कृत रचनाका अर्थमा, 'शिशुपालबध' मा भाष्य र ग्रन्थका अर्थमा र 'तत्त्व दीपन' को अनेक तत्त्वहरूको सङ्गृहीत सानो साहित्यिक

---

[२३] गोपीकृष्ण शर्मा, नेपाली निबन्ध परिचय, (ते.सं.), काठ. : रत्न पुस्तक भण्डार, २०५५, पृ. ३ ।

[२४] केशवप्रसाद उपाध्याय, साहित्य प्रकाश, पा.सं., काठ.: सा.प्र., पृ. १९२ ।

[२५] गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. ३ ।

रचनाविशेषका अर्थमा निबन्ध शब्दको प्रयोग भएको देखिन्छ ।[२६] यति भएर पनि आधुनिक अर्थलाई पूर्वीय सन्दर्भले स्पष्ट रूपमा प्रस्तुत गर्न सकेको पाइँदैन ।

### ३.१.२ परिभाषा

आधुनिक प्रचलित निबन्धको सुरुआत भने पाश्चात्य साहित्यमा फ्रान्सेली साहित्यकार मोन्तेयले १६ औं शताब्दीमा पहिलोपटक गरेका थिए । प्रयत्नको अर्थमा प्रयुक्त हुने ग्रीसेली Essai शब्दपछि अंग्रेजीमा Essay का रूपमा व्यवहृत भयो ।[२७] यही Essay शब्द नै संस्कृत तत्सम शब्द 'निबन्ध' को अर्थमा नेपालीमा प्रचलित रहेको छ ।

मोन्तेयले 'मेरा निबन्धको विषय मै हुँ' भनेर निबन्ध कल्पनाको सहायताले स्वच्छन्द ढङ्गले गरिने आत्माभिव्यक्तिको माध्यम बनाए भने बेकनले 'विकीर्ण चिन्तन' भनेपछि निबन्ध आत्माभिव्यक्ति मात्र नभएर विचारात्मक एवम् चिन्तनपूर्ण यथातिर्थक सुगठित गद्य लेखलाई निबन्ध मानिन थालियो ।[२८] निबन्धलाई परिभाषित गर्नेहरू जर्जक्र्याव र डा. जोन्सनले 'प्रतिभाहीनको लेख, अनियमित र अपरिपक्व रचना' भने पनि निबन्ध त्यस्तै अर्थमा प्रयुक्त भएको पाइँदैन । मरेले निबन्धको आकारगत सङ्क्षिप्ततामा जोड दिए भने सेन्टब्युभले ात्मप्रतिपादनको रूपमा निबन्धलाई स्वीकारे । त्यसैगरी निबन्धलाई अलेक्जेन्डर स्मीथले गद्यमा कवितात्माम कोमलता र संवेदना पाइने रचना माने भने प्रिष्टलेले विषयगत विविधता र आत्मपरकतामा जोड दिए ।

डब्लु ई. विलियम्सले 'ए बुक अफ इङ्गलिस'[२९] मा निबन्धलाई चिनाउँदा आकारगत लघुतामा जोड दिएका छन् । एस.सी. बेन्सले 'द आर्ट अफल द एसिस्ट' मा ठानेका छन् । सशक्त निबन्धकार रबर्ड लिण्डका अविचारमा निबन्ध भनेको 'प्रसन्न मनस्थितिको ज्ञान' अर्थात् सामान्य मानिसक अवस्थाको मिठासपूर्ण अभिव्यक्ति हो ।[३०] यसैगरी 'द कन्साइन्स अक्सफोर्ड इङ्गलिस लिटेरेचर' मा चाहिँ 'निबन्ध एउटा साधारण छोटो गद्य रचना हो' भनिएको छ । यसमा 'लेखकको विषयप्रतिको धारणाको प्रतिबिम्ब निहित हुन्छ'[३१] भनिएको छ ।

---

[२६] खगेन्द्रप्रसाद लुइँटेल र देवीप्रसाद गौतम, नेपाली निबन्ध, नवीन प्रकाशन, २०५४, पृ. १ ।
[२७] राजेन्द्र सुवेदी, स्नातकोत्तर नेपाली निबन्ध सङ्क्षिप्त परिचय, काठ.: पुस्तक प्रकाशन, २०५१, पृ. ५८ ।
[२८] केशवप्रसाद उपाध्याय, पूर्ववत्, पृ. १९५ ।
[२९] ऐजन, पृ. १९८ ।
[३०] राजेन्द्र सुवेदी, पर्ववत्, पृ. ६१ ।
[३१] ऐजन, पृ. ६० ।

बङ्गलाका साहित्यकार गुलाव रायको कथन छ-'निबन्ध त्यस प्रकारको रचनाविशेष हो जसमा सीमित आयतनभित्र कुनै विषयको वर्णन वा प्रतिपादन, विशिष्ट वैयक्तिक प्रतिपादन स्वच्छ, सुष्ठ र सजीव सङ्गति र सम्बद्धता रहेको हुन्छ ।[३२] रामचन्द्र शुक्लको विचारमा 'गदि गद्य कविहरूको कसी हो भने निबन्ध हो गद्यको कसी' [३३] भन्ने रहेको पाइन्छ ।

नेपाली आधुनिक निबन्धका सशक्त: प्रतिभा लक्ष्मीप्रसाद देवकोटा निबन्धको सम्बन्धमा विभिन्न टिप्पणीहरू व्यक्त गर्दछन् । उनी भन्दछन् –'यो टेबुल गफ हो, चश्मादार अध्यापकको व्याख्या होइन, न त बमन बेदान्त, यसमा ठर्रोपना हुँदैन, यो लच्किन्छ र घनिष्टतातिर ओर्लिन्छ ।'[३४] ईश्वर बरालले निबन्धलाई एक किसिमको कुरा गराइ मान्दछन् भने हृदयचन्द्रसिंह प्रधानले निबन्धलाई पाठकको मनलाई समातेर परिमार्जित र परिपक्व विचार एवम् दृष्टिकोणलाई व्यङ्ग्यात्मक र हांस्यात्मक ढङ्गले व्यक्ति गर्ने खालको रचना मानेका छन् । निबन्धकै बारेमा भैरव अर्याल भन्दछन् –'कुनै विषयमा आफूले जानेको, सोंचेको र लागेको कुरा रसिलो पाराले प्रकट गर्ने छरितो गद्य नै निबन्ध हो ।'

यी विभिन्न परिभाषाहरूलाई नियाल्दा 'निबन्ध गद्यमा लेखिएको, आत्मप्रतिपादन गरिएको, काव्यात्मक गुणले भरिएको, सङ्क्षिप्त आकारमा सुगठित भएको, श्रृङ्खलित तथा सरल र सम्यक चिन्तनलाई हृदय र बुद्धिको सन्तुलन गरेर प्रस्तुत गरिएको रचना हो' भन्ने बुझिन्छ ।

## ३.२ निबन्ध तत्त्व

साहित्यका विभिन्न विधाहरू तत्त्वकै आधारमा वर्गीकृत हुन्छन् । एक विधाबाट अर्को विधालाई छुट्याउने मुख्य कुरा नै त्यस विधामा प्रयुक्त तत्त्व हुन् । निबन्ध तत्त्वका बारेमा साहित्यका अन्य बिधामाझैं विद्वान्हरूमा मतभिन्नता पाइन्छ । सामान्यतया निबन्धलाई निम्नानुसार तीन भागमा बाँडेर हेर्ने प्रयास गरिएको छ ।

(क) विषयवस्तु

(ख) विचार तथा उद्देश्य

(ग) प्रस्तुति

---

[३२] ऐजन, पृ. ६२ ।

[३३] केशवप्रसाद उपाध्याय, पूर्ववत्, पृ. १९९ ।

[३४] हिमांशु थापा, साहित्य परिचय, काठमाडौं, काठ.: साझा प्रकाशन, चौथो संस्करण, (२०५०), पृ. १८९ ।

(अ) आन्तरिक प्रस्तुति

(क) आत्मपरकता/वस्तुपरकता

(ख) बौद्धिकता/हार्दिकता

(ग) तार्किकता

(घ) व्यङ्ग्यात्मकता

(ङ) दृष्टिविन्दु

(आ) वाह्य प्रस्तुति

(क) काव्यात्मकता

(ख) रीति, गुण र अलङ्कार

(ग) वर्ण, पद र वाक्य

(घ) वाह्याभिमुखी र केन्द्राभिमुखी प्रतिपादन

(ङ) भाषाशैली

### ३.२.१ विषयवस्तु

कुनै पनि रचना निर्माणका लागि विषयवस्तुको आवश्यकता पर्दछ । विषय निबन्धको मेरुदण्ड हो । यसै आधारशीलामा निबन्धको जग उभिएको हुन्छ ।[३५] मानवहृदय र मानव मष्तिष्कले टिपेका जुनसुकै सन्दर्भ पनि निबन्धका विषयवस्तु हुन सक्छन् ।[३६] समाज, इतिहास, पुराण, मनोविज्ञान, कलादर्शन, विज्ञानको नवीन आविष्कार, संस्कृति र धर्मका साथै चराचर जगत् वा व्राह्माण्डमा प्राप्त यावत् वस्तु हुन सक्छन् । निबन्ध वस्तुविना सिर्जना गर्न नसकिने विधा भएकोले निबन्धकारहरूले निबन्ध लेखनपूर्व नै वस्तुचयन गरिसकेको हुनुपर्छ । वस्तुको बारेमा पर्याप्त जानकारी हुनु निबन्ध लेखनका लागि अत्यावश्यक छ । निबन्धको वस्तु सर्वत्र व्याप्त भएर रहेको हुन्छ । निबन्धकारले विषयवस्तुलाई विना रोकतोक स्वतन्त्र ढङ्गले प्रस्तुत गर्दछ ।

### ३.२.२ विचार तथा उद्देश्य

निबन्ध रचनाको कुनै न कुनै उद्देश्य वा विचार रहको हुन्छ । निबन्धकारले आफ्ना रचनाका माध्यमबाट आफ्ना मान्यता, धारणा वा जीवनदर्शनलाई पाठकको सामु प्रस्तुत गर्दछन् । विचार निबन्धमा स्वभाविक रूपमा अभिव्यक्त हुनुपर्दछ । भौतिक, आध्यात्मिक,

---

[३५] गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. २३ ।

[३६] खगेन्द्रप्रसाद लुइटेल, देवीप्रसाद गौतम, पूर्ववत्, पेज ६ ।

सामाजिक तथा वैज्ञानिक जस्ता विचारमध्ये कुनै न कुनै विचार वा दर्शनमा निबन्धकार केन्द्रित हुन्छ । निबन्धकारको अध्ययन क्षेत्र, चिन्तनजगत्, दार्शनिक पृष्ठभूमि, वौद्धिकता आदिको पहिचान पनि वैचारिकताबाट गर्न सिकन्छ । अतः निबन्धमा विचार वा उद्देश्य एउटा सशर्त स्वीकार्य उपकरण हो । जसको संयोजनविना साहित्य रचनाको कल्पना गर्न सकिँदैन ।

### ३.२.३ प्रस्तुति

#### ३.२.३.१ आन्तरिक प्रस्तुति

साहित्यले साकार रूप लिनका लागि प्रस्तुतिको ठूलो भूमिका रहन्छ । यो अन्तरवस्तु र रूपमा दुई तहमा रहन्छ । विषयवस्तु र विचारले मात्र साहित्य पूरा हुन सक्दैन । विषयवस्तु र विचारको रागात्मक प्रस्तुतीले साहित्य बन्दछ । विषयवस्तु र विचारको आत्मपरक, हार्दिक रूपमा विभिन्न शैलीको प्रयोग गर्दै कलात्मक भाषिक स्वरूपबाट मात्र निबन्धको स्वरूप खडा हुन्छ । आन्तरिक प्रस्तुतीमा विभिन्नता पाइन्छ ।

**क) आत्मपरकता/वस्तुपरकता**

आत्मपरकता र वस्तुपरकता दृष्टिकोण सापेक्ष हुन्छ । वस्तुतः कुनै पनि रचना पूर्ण रूपले वस्तुपरक हुन पनि सक्दैन र आत्मपरक पनि हुन सक्दैन ।[३७] साहित्यकार तथा निबन्धकारको साहित्यमा वा निबन्धमा हुने आफ्नोपनलाई आत्मपरकता भनिन्छ । निबन्धकारको निजी व्यक्तित्व वा उसको रुचि, चिन्तन, अध्ययन, मनन आदिको प्रकटीकरण आत्मपरक निबन्धमा बढी र वस्तुपरक निबन्धमा कम हुन्छ । निबन्धमा प्रयुक्त निबन्धकारमा निजात्मकता अनुभूतिभन्दा वस्तुपक्ष प्रबल र अनुभूति पक्ष कमजोर भएमा वस्तुपरकता देखापर्दछ ।

**ख) हार्दिकता/बोद्धिकता**

हार्दिकता मान्छेको हृदयपक्षसँग सम्बद्ध हुन्छ भने बौद्धिकता मस्तिष्क पक्षसँग सम्बद्ध हुन्छ । आन्तरिक व्यक्तित्व मानिने हार्दिकताले मूलतः प्रतिभालाई र वाह्य व्यक्तित्व मानिने बौद्धिकतालेृ अभ्यास, अध्ययन, चिन्तन-मनन् आदिलाई बुझाउँछ । निबन्धमा प्रयुक्त हार्दिकताले पाठकको हृदयलाई साक्षात्कार गरी लेखक र पाठकबीच तादात्म्य कायम गर्दछ

[३७] धीरेन्द्र बर्मा (सम्पादक), हिन्दी साहित्य कोष, भाग १, पृ. ७६५ ।

भने बौद्धिकताले वस्तुलाई जटिल बनाउँछ । त्यसैले बुद्धिपक्षको हार्दिक प्रस्तुती निबन्धमा अपेक्षित हुन्छ ।

**ग) तार्किकता**

तार्किकतामा निबन्धकारले विभिन्न तर्क एवम् उदाहरण दिई वस्तुतथ्यलाई प्रष्ट्याउने काम गर्दछ । निबन्धकारको ज्ञानको सीमाक्षमताको आँकलन तार्किकताबाट हुन सक्दछ । वस्तुलाई प्रदर्शन गर्ने चातुरी तार्किकताद्वारा प्रकट हुन्छ । तार्किकताले निबन्धलाई विशिष्टिकृत गर्दछ । बौद्धिक विषयलाई तार्किक प्रस्तुतिले सम्प्रेषित र ग्राह्य तुल्याउँछ ।

**घ) वाङ्ग्यात्मकता**

भावलाई चमत्कारपूर्ण ढङ्गले भाषामा प्रस्तुत गर्ने शैली व्यङ्ग्य शैली हो । यसमा विषयलाइ चकित हुने गरी ठट्यौलो पाराले व्यक्त गरिनछ । व्यङ्ग्यशक्तिलाई साहित्यिक वाणिको चरमोत्कृष्ट रूप मानिएको छ । समाजमा रहेका अनेकौं विकृति विसङ्गति र दुर्गतितिर व्यङ्ग्य गर्दै सुधारको सन्देश दिने काममा व्यङ्ग्यले प्रभावकारी भूमिका खेलेको हुन्छ । वाच्यार्थ लक्ष्यार्थभन्दा भिन्न किसिमको व्यञ्जनावृत्तिद्वारा बोध हुने विशेष चमत्कारपूर्ण अर्थ प्रदान गर्ने व्यङ्ग्यले सामान्य कथन तथा अभिधार्थभन्दा बाहिरी अर्थ बुझाउँछ ।

**ङ) दृष्टिबिन्दु**

स्रष्टाका भाव, विचार, अनुभूति वा अभिव्यक्तिलाई पाठकसमक्ष प्रस्तुत गर्ने माध्यम वा पद्धतिलाई दृष्टिबिन्दु भनिन्छ । निबन्धमा प्रथम र तृतीय (अन्य) दुई प्रकारका दृष्टिबिन्दु प्रयुक्त हुन्छन् । पाठकसामु विचारको सम्बाहककै रूपमा प्रस्तुत हुँदा निबन्धकार सोझै प्रस्तुत भएर वैयक्तिक भाव, मानिसकता वा स्वको अभिव्यक्ति प्रथम पुरुष शैलीमा गरिएमा प्रथम पुरुष दृष्टिविन्दु हुन्छ भने निबन्धकार आफू प्रस्तुत नभई घटनाको वर्णनका माध्यमबाट भावाभिव्यक्त गर्दा कुनै विषयवस्तु, घटनासन्दर्भ आदिको उपस्थापन गरी तृतीय पुरुष शैलीमा भावाभिव्यक्त गरिएमा तृतीय पुरुष दृष्टिबिन्दु हुन्छ । एउटै निबन्धमा दुबै दृष्टिबिन्दुको प्रयोग गरेर पनि निबन्ध सिर्जना गर्न सकिन्छ ।

### ३.२.३.२ वाह्य प्रस्तुति

**क. काव्यात्मकता**

निबन्धकार र कवि दुवैका सिर्जनामा अनुभूतिको प्रधानता हुन्छ । निबन्धमा विषयको वस्तुपक्ष भन्दा हार्दिकता पक्षको प्रधानता रहन्छ । वैज्ञानिक विश्लेषण गर्ने काम निबन्ध र कविता दुवैले नगर्ने हुनाले सहज, सरल, हृदयस्पर्शी भाव र भाषाको प्रयोग यिनमा पाइन्छ । निबन्धमा उन्मुक्त तवरले रमाइलो हँस्यौली-ठट्यौली पाराले एवं सहृदयी मित्रले बोलेसरह निबन्धकारले पाठकसँग कुराकानी गरेको हुन्छ । विषयको चयन गर्दा पनि प्रकृति अथवा जीवनको अत्यन्त कोमल श्रृङ्गारिक विषयको चयन गरिएको हुन्छ । पाण्डित्यपूर्ण बोझले वितृष्णा बढ्ने हुनाले साँझ, प्रभात, आकाश अदि विषयको बारेमा वर्णन गरेर पाठकलाई मोहित तुल्याउँदै आफ्नो उद्देश्य पूरा हुने तवरले विचारको प्रस्तुति निबन्धकारले गरिसकेका हुन्छ । यसरी असल मित्रले कुराकानी गरेझैं पाइने रागात्मकता नै निबन्धमा पाइने काव्यात्मकता हो ।

**ख. रीति, गुण र अलङ्कार**

रीति, गुण, अलङ्कारादिले निबन्ध विभूषित भएको हुन्छ । यिनीहरू सचेत आयोजना भन्दा पनि सहज र स्वतस्फूर्त रूपमा सन्तुलित भएर सामान्यतः सबै निबन्धमा आएका हुन्छन् । रीतिका तीन भेदमध्ये वैदर्भी, गौडी र पाञ्चाली हुन् । गुणहरूमा ओज, प्रसाद र माधुर्य पर्दछन् । वैदर्भी रीतिमा कोमल वर्ण हुन्छन् । यो माधुर्य गुणको सन्निकट हुन्छ । गौडी रीतिमा विकट वर्णयुक्त अनि ओज र कान्तिले भरिएको हुन्छ । गौडी रीति र ओज गुणमा सामीप्य पाइन्छ । वैदर्भी र गा)डीका गुण मिलेर पाञ्चाली रीति बन्दछ । यो प्रसाद गुणसँग मेल खाने खालको हुन्छ । अलङ्कारका पनि शब्दालङ्कार र अर्थालङ्कार दुवैको उपस्थितिले निबन्धलाई उत्कृष्टता प्रदान गर्दछ । यी सबैको उपस्थिति नै सफल निबन्धको विशेषता बन्न पुग्दछ ।

**ग. वर्ण, पद र वाक्य**

निबन्ध वर्ण, शब्द र वाक्यकै संयोजनबाट बन्ने हुनाले निबन्ध कलामा उचित प्रयोगले निबन्धको वाह्य स्वरूपमा कलात्मकता र आन्तरिक स्वरूपमा सौन्दर्यता प्रदान गर्दछ । व्यञ्जन र स्वर वर्णको आवृत्तिको आकर्षित कलात्मक प्रयोगले निबन्धमा मधुरता, साङ्गीतिक, काव्यात्मकता र आलङ्कारिता पाइन्छ भने संरचनागत सुन्दरता समेत थप्दछ ।

शब्दको उचित प्रयोगले सरलता, सहजता र श्रुतिमधुरता प्रदान गर्दछ । यसबाट निबन्धकारको शब्दज्ञानको भण्डार थाहा हुन्छ । शब्दालङ्कारको प्रयोग गर्दा निबन्धको संरचना सुदृढ बन्न पुग्दछ ।

वर्ण, शब्द र वाक्यको सन्तुलित प्रयोग हुनुपर्दछ । वाक्यहरू जटिल भएमा भाव खज्मजिन सक्दछ भने सरलतामा हृदयग्राह्यता पाइने बढी सम्भावना हुन्छ ।

### घ. बाह्ययाभिमुखी र केन्द्राभिमुखी प्रतिपादन

भाव र भाषालाई एकै ठाउँमा समन्वित गर्ने ढङ्ग शैली हो ।[३८] शैली निबन्धको आन्तरिक उपकरण हो । निबन्धमा मुख्यतः दुईवटा शैली हुन्छन् – वाह्याभिमुखी र केन्द्राभिमुखी । निबन्धको उद्देश्यलाई शीर्षकमै उल्लेखित गरेर सो उद्देश्य परिपूर्तिका लागि विभिन्न प्रसङ्ग, विचार, तर्क र विद्वता प्रदर्शन गर्ने काम हुन्छ । मूल उद्देश्यमै केन्द्रीकृत हुने गरी विचार विस्तार र फैलावट हुँदै जाने यो शैली उत्तम प्रकारको मानिन्छ । यस्तै गरी बाह्याभिमुखी शैलीको विपरीत विभिन्न विचार, तर्क, तथ्य र कल्पनालाई प्रस्तुत गर्दै अन्त्यमा गएर उद्देश्यलाई स्पष्ट्याउने काम केन्द्राभिमुखी शैलीमा गरिन्छ ।

शैलीका अन्य भेदहरू – वर्णनात्मक, आलङ्कारिक, तार्किक, व्याख्यात्मक, विवेचनात्मक, चित्रात्मक, हास्यव्यङ्ग्यात्मक, चेतनप्रवाहमूलक, समालोचनात्मक, व्यञ्जनात्मक प्रतीकात्मक पनि पाइन्छन् । निबन्धमा यीमध्ये जुनसुकै शैलीको प्रयोग भए तापनि त्यसलाई सरल, स्प्ष्ट, प्रभावकारी, हृदयस्पर्शी, पाठ्यसुगम, रोचक र मनोरञ्जक ढङ्गले प्रयोग गरिनुपर्दछ । सङ्क्षिप्तता बाह्य पक्षसँग सम्बन्धित भए पनि शैली निबन्धको अनिवार्य तत्त्व हो ।

### ङ. भाषा, शैली

निबन्ध गद्य विधा भएकोले यसमा गद्यात्मक भाषिक स्वरूपको प्रयोग गरिन्छ । निबन्धको भाषा सरल हुनुपर्दछ । जुन भाषामा निबन्ध लेखिन्छ त्यो भाषाको पूर्ण ज्ञान हुनुपर्दछ । जानीबुझी भाषा अलङ्कारयुक्त र क्लिष्ट बनाउनुहुँदैन । कतैकतै उखान-टुक्का, कहीँ कहीँ गहन तथ्य र कमै ठाउँमा भावप्रधान अलङ्कृत भाषा निबन्धको लागि उपयुक्त

[३८] गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. २० ।

हुन सक्छ । अलङ्कारको प्रयोग केवल प्रदर्शनका लागि नभइकन भाषामा प्राण दिनका लागि हुनुपर्दछ । क्लिष्ट एवम् पारिभाषिक शब्दावलीसँग बच्नुपर्छ ।[३९]

निबन्धमा प्रयुक्त शब्द विषयअनुकूल, रोचक र अर्थबोधक हुनुपर्छ । वाक्यसंगठन विषयानुकूल भई श्रृङ्खलाबद्ध एवम् क्रमबद्ध हुनुपर्दछ । वाक्यरचनामा लिङ्ग, वचन, क्रिया आदि व्याकरणिक शुद्धताको साथै चिह्नहरूको उचित प्रयोग हुनुपर्दछ । यिनै कुराहरूलाई विभिन्न शीर्षक बनाएर यहाँ व्यक्त गर्ने प्रयास गरिएको छ ।

## ३.३ नेपाली निबन्धको विकासक्रम

### पृष्ठभूमी

ईशाको एघारौं शताब्दीदेखि आरम्भ भएको मानिएको नेपाली भाषाको सर्वप्राचीन नमूनाको रूपमा १०३८ को 'राजा गगनिराजको यात्रा' नामक पुस्तकमा दामुपालको अभिलेख पाइएको छ । वि.सं.१३१२ को 'अशोक चल्लको प्रशासनिक ताम्रपत्र' र वि.सं. १३७८ को आदित्य मल्लको 'गोर्खा अभिलेख' मा नेपाली गद्य लेखनको प्रारम्भिक स्वरूप फेला पार्न सकिन्छ । यसपछिका उल्लेख्य कृतिहरूमा भास्वती (१४५७ पूर्व), खण्डखाद्य (१६४८), जातककर्म पद्धति, वाजपरीक्षा (१७०० तिर), ज्वरोत्यत्ति चिकित्सा (१७७३), प्रायश्चित्तप्रदीप (१७८०), औषधरसायन (१८००) आदि कृति छन् । यस समयमा अभिलेख, ताम्रपत्र, शिलापत्र, औषधीमूलो, यात्रा, राजकाज, प्रकाशन, लेनदेन, व्यवहार, नीति, ज्योतिषशास्त्र, जीवनीसाहित्य आदि विषयमा लेखिएका पाइन्छन् । यी कृतिहरूमा आख्यानात्मक र प्रबन्धात्मक विशेषता पाइन्छ ।[४०] आधुनिक नेपालको जन्म हुनुभन्दा अघिका ग्रन्थादिलाई निबन्ध मान्न सकिँदैन । यी सामग्रीहरू केवल नेपाली गद्यका पृष्ठभूमिका प्राचीन स्रोत मात्र हुन् ।[४१]

## ३.३.१ प्राथमिक काल

नेपालको एकीकरणसँगै नेपाली भाषाले स्थिर रूप प्राप्त गऱ्यो र क्रमशः विकसित र विस्तारित हुन थाल्यो । यसै समयलाई नेपाली साहित्यको प्राथमिक काल मानिएको छ । वैयक्तिक अनुभूति, स्वतन्त्र अभिव्यक्ति, स्फुट विचार र वर्णनात्मक जस्ताप्रवृत्ति लिएर

---

[३९] खगेन्द्रप्रसाद लुइँटेल र देवीप्रसाद गौतम, पूर्ववत्, पृ. ८ ।

[४०] खगेन्द्रप्रसाद लुइँटेल र देवीप्रसाद गौतम, पूर्ववत्, पृ. १४ ।

[४१] डा. दयाराम श्रेष्ठ र मोहनराज शर्मा, नेपाली साहित्यको सङ्क्षिप्त इतिहास नेपाली निबन्ध, काठ.: साझा प्रकाशन, चतुर्थ संस्करण, २०४९, पृ. १२८ ।

देखापरेको पृथ्वीनारायण शाहको 'दिव्योपदेश'लाई नेपाली निबन्ध–साहित्यको प्रथम चरणको निबन्धात्मक अभिलक्षण भएको प्रमुख कृति मानिएको छ ।[४२] यसपछि भानुदत्तको 'हितोपदेश मित्रलाभ' (१८३३), शक्तिवल्लभ अर्यालको 'हास्यकदम्ब' (१८५५), सुन्दरानन्द बाँडाको 'त्रिरत्न सौन्दर्य गाथा' (१८९०), भवानीदत्त पाँडेको 'मुद्राराक्षस' (१८९२) आदि गद्यात्मक लेखनमा उल्लेख्य योगदान पुऱ्याउने कृतिहरू प्राप्त भए । यसबीचमा 'लक्ष्मीधर्म सम्बाद' ( १८५१), सुन्दरानन्द बाँडाको 'अध्यात्म रामायण' (१८९०), भवानीदत्त पाण्डेको 'आत्मबोध' ( १८९३ पूर्व) जस्ता कृति निस्किएपनि जङ्गबहादुरको बेलायत यात्रा' (१९०९) निस्कनु अघिसम्म निबन्धमा उल्लेख्य कृति प्राप्त हुन भने सकेन । दिव्योपदेशपछिको महत्त्वपूर्ण कृतिहरूमा 'जङ्गबहादुरको बेलायत यात्रा' र मोतीराम भट्टको 'भानुभक्तको जीवनचरित्र' नै उल्लेख्य देखा पर्दछन् । उपदेश, यात्रा र जीवनी साहित्यले गद्यलेखनलाई उकास्न बल पुऱ्याएको देखिन्छ । यस समयमा नै निबन्धका प्रारम्भिक लक्षणहरू पाइन्छन् तर विधागत विभाजन गर्न भने कठिनाई नै देखापर्दछ । यो समयमा नेपाली गद्यसाहित्यको उठान हुने आधारहरू पाइए पनि अपरिष्कृत भाषा, संरचनाको शिथिलता र आख्यानतत्त्वको असंतय अनियन्त्रित प्रयोगले दुर्वल सावित हुन पुगेकाले नेपाली निबन्धको बीजकालका रूपमा नेपाली साहित्यको प्राथमिक काल रहेको छ ।[४३]

### ३.३.२ माध्यमिक काल

वि.सं. १९५८ मा 'गोरखापत्र' प्रकाशन भएपछि नेपाली निबन्धको माध्यमिक काल आरम्भ भएको मानिन्छ । यस समयका 'अघि मूर्ख पछि बुद्धिमान' (१९५९), 'निद्रा' (१९६६), 'श्री वसन्त पञ्चमी' (१९६६), 'दूधको गुण अवगुण' (१९६७), सुखदुःख (१९६७), शिशु र शिक्षा (१९७०) जस्ता लेखहरूले नेपाली निबन्धको प्रारम्भिक रूपरेखा कोर्न पुगेका थिए भन्न सकिन्छ ।[४४] यसबाहेक वनारसबाट प्रकाशित हुने 'सुन्दरी' (१९६३), 'माधवी' (१९६५), 'चन्द्र' (१९७१), 'गोर्खाली' (१९७२) आदिले पनि निबन्धको विकास थालेको पाइन्छ । 'सुन्दरी' मा 'बेसरी' शीर्षकको निबन्धात्मक लेख र देवीदत्त शर्माको 'उचित चर्चा'(१९६५) प्रकाशित छन् । 'माधवी' मा गद्यलाई विशेष स्थान दिएर राममणि आ.दी. को 'कवितारीति', 'मातृभाषाको आवश्यकता' र 'काशिमर यात्राको वर्णन' निबन्ध पुस्तक देखापरेका छन् ।

---

[४२] ऐजन ।

[४३] गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ.३१ ।

[४४] रामप्रसाद दाहाल, सिङ्गो नेपाली भाषा साहित्यको इतिहास र साहित्यकारहरूको परिचय, विद्यार्थी पुस्तक भण्डार, ( प्रकाशक), २०५४, पृ. ११६ ।

वि.सं. १९७१ मा वनारसबाट प्रकाशित मासिक पत्रिका 'चन्द्र' मा सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान आदिका निबन्ध प्रकाशित भएका छन् भने 'गोर्खाली' मा सूर्यविक्रम ज्ञवालीको 'सोक्रेटसको बहस' छापिएको पाइन्छ ।

१९७४ मा खर्साङ्गबाट प्रकाशित 'चन्द्रिका' पत्रिकामा शम्भुप्रसाद ढुङ्गेलको 'महेन्द्रमल्ली' 'कविताको फल', 'प्रेम', 'समयको मूल्य' जस्ता निजात्मक निबन्धहरू प्रकाशित भएका छन् । यसै समयमा पारसमणि प्रधानको 'अध्यावशाय' निबन्धहरू र बङ्किमचन्द्रको 'खद्योत मानव' शीर्षकका निबन्धलाई 'जुनकीरि' शीर्षकमा अनुवाद गरी प्रकाशित गरेका छन् । यस्तै चन्दनसिंह, नन्दराम र मानिसंहको सम्पादकत्वमा देहरादुनबाट प्रकाशित 'गोर्खा संसार' पत्रिकामा वेदनिधि शर्माको 'जातीय रोगको अचुक औषधी' (१९८३) र विद्यावतीको 'तरुणतरुणी कुन्न छन् ?' (१९९४) निबन्धहरूले नेपाली जातीय निष्कृयता अनि सामाजिक विसङ्गतिलाई व्यङग्यात्मक रूपमा उद्घाटन गर्ने काम गरेका छन् ।[४५]

दार्जीलिङबाट प्रकाशित 'नेपाली साहित्य सम्मेलन' १९८९ पत्रिकामा सूर्यविक्रम, पारसमणि, रूपनारायण आदिका क्रमशः 'साहित्य सेवा', 'चरित्र सुधार' र 'नैतिकता' जस्ता बौद्धिकता तथा निजात्मकताले ओतप्रोत निबन्ध प्रकाशित भएका छन् ।

यसरी स्वदेशी र प्रवासीहरूले पत्रिकाका माध्यमबाट निबन्धलेखनमा गति प्रदान गरेर भाषासाहित्यको उत्थान गरेका छन् । वैचारिक, वर्णनात्मक र विचारात्मक निबन्धको अधिकता पाइए पनि मौलिक र आत्मकपरक निबन्धलेखनको थालनी यसै कालदेखि भएको हो । यस कालका निबन्धहरू व्याकरणसम्मत गद्यात्मक भाषा र आयामको निश्चितता जस्ता सकारात्मक पक्ष देखिए पनि परिष्कृत शैली र अनुभूतिको अभाव, चिन्तनको गहिराई नपाइनु, शिथिल संरचना र भाषिक स्थिरताको अभाव हुनु यस कालका नकारात्मक पक्षहरू हुन् ।

### ३.३.३ आधुनिक काल

#### ३.३.३.१ प्रथम चरण (वि.सं. १९९१–२०१६)

१९९१ शालमा 'शारदा' पत्रिकाको  प्रकाशनले नेपाली साहित्यको क्षेत्रमा नयाँ मोड ल्याउन सफल भयो । नेपाली निबन्ध साहित्यको आधुनिक साहित्यको आधुनिक युगको शुत्रपात्र गर्ने श्रेय 'शारदा' पत्रिकाले प्राप्त गरेको छ । वालकृष्ण समको 'बर्दाहामा

[४५] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. ६८ ।

शिकार'लाई निबन्ध भनिए पनि त्यो पूर्णतः निबन्ध होइन, बरु 'त्यो', 'पानी', 'आत्मविश्वास' आदि निबन्धहरू प्रकाशित भएपछि समको उच्चता कायम भयो । 'वर्दाहामा शिकार' कथात्मक गुण बोकेको र अन्य निबन्धहरू वस्तुपरकता, बौद्धिकता र विचारले थिचिएका भएकाले आजको निबन्धले प्रतिस्थापन गरेको मूल्यलाई नेतृत्व दिन नसकेकाले नै १९९३ आषाढमा 'शारदा' मा प्रकाशित 'आषाढको पन्ध्र' निबन्धले आधुनिक नेपाली निबन्धको प्रथम पाइलोको रूपमा स्थापित हुने मौका पायो । यस बीचमा नरेन्द्रमणि आ.दी. बोधविक्रम अधिकारी, प्रेमराज शर्मा,सिलवाल पण्डित आदि निबन्ध प्रकाशित भएका थिए ।

नेपाली निबनधमा सौन्दर्यमूलक एवम् भावात्मक चेतको प्रविष्टि गराएर लेख्ने देवकोटाले २००२ सम्ममा ३७ वटा विचारभन्दा बढ्ता भाव र अन्तर्मुखी चिन्तन अभिव्यक्ति भएका निबन्धहरूको सङ्ग्रह प्रकाशित गरे । यसै समयमा 'निद्रा' (१९९५), 'बेलामा' ( २०००), 'फर्सीको झोल' (२००१), 'नरनारी' लेखिसकेका र 'नरनारी' बाहेक अरु तीनवटै 'शारदा' मा प्रकाशित भइसकेका थिए । 'लक्ष्मी निबन्ध सङ्ग्रह' निबन्ध साहित्यको क्षेत्रमा कोसेढुङ्गो सावित भएको छ ।

यसै समयमा स्वदेशी र विदेशी दुवै क्षेत्रबाट निबन्ध लेखन र प्रकाशन जारी रहेको पाइन्छ । जसमध्ये बाबुराम आचार्य, बदरीनाथ भट्टराई, भेषराज शर्मा, भीमनिधि तिवारी, यदुनाथ खनाल, खड्गमान मल्ल, रुद्रराज पाण्डे, अच्घा राई 'रसिक', सूर्यविक्रम ज्ञवाली, धरणिधर कोइराला, पारसमणि प्रधान, रूपनारायण सिंह रहेका छन् ।

यस चरणमा मूलतः तीनवटा प्रवृत्ति प्रमुख रूपमा देखापरेका छन् । तिनमा पहिलो प्रवृत्ति हो – देवकोटाबाट प्रवृत्त भएको स्वच्छन्दतावादी प्रवृत्ति । दोस्रो प्रवृत्ति हो – समबाट प्रवृत्त भएको शास्त्रीयतावादी प्रवृत्ति[४६] र तेस्रो प्रवृत्ति हो – क्रान्तिकारी स्वच्छन्दतावादी प्रवृत्ति । यस अन्तर्गत कलमचलाउनेहरूको नेतृत्व हृदयचन्द्रसिंह प्रधानले गरे ।

यसै चरणमा देवकोटाले प्रसिद्ध आधुनिक पश्चिमी निबन्धकारहरूका निबन्धहरूको अनवाद गरी प्रकाशित गरेर निबन्ध अनुवादको परम्परा बसाले ।

यस चरणका निबन्धहरूमा संरचना र स्वरूपमा विविधता पाइन्छ । शैलीशिल्पगत नवीनता र काव्यात्मकता पाइने यी निबन्धहरूले अन्तर्राष्ट्रिय स्तर समेत प्राप्त गरेकोले यस समयलाई नेपाली निबन्धको स्वर्णयुग मानिन्छ ।

---

[४६] ऐजन, पृ. ७० ।

### ३.३.३.२ दोस्रो चरण (२००४–२०१६)

आधुनिक नेपाली निबन्धको दोस्रो चरणको प्रारम्भ देवकोटाको सम्पादकत्वमा वनारसबाट प्रकाशित 'युगवाणी' (२००४) साहित्यिक पत्रिकासँगै भएको मानिन्छ । देवकोटाको 'समाजवादको धुनमा', नारायणप्रसाद भट्टराईको 'हावाबाजी', अच्छा राई 'रसिक' को 'नारी समस्याको हाल' र रुद्रराज पाण्डेको 'गुन्द्रुकको पुकार' जस्ता निबन्ध यस पत्रिकामा प्रकाशित भएका छन् । यस बेलामा निबन्धहरूमा तत्कालीन राजनैतिक अवस्थाले जन्माएका विकृतिहरूको अन्त्य गरी स्वस्थ र सुन्दर समाजको स्थापना गर्ने चाहना अभिव्यक्ति भएको पाइन्छ ।

यस समयमा निबन्धकार देवकोटाले विशुद्ध प्रकृतिवादी सौन्दर्यचेतलाई परित्याग गरी क्रान्तिकारी स्वच्छन्दतावादी प्रवृत्तिको लेखनतर्फ उन्मुख भए ।

वि.सं. २००४ मा हृदयचन्द्रसिंह प्रधानको सम्पादकत्वमा 'साहित्यस्रोत' पत्रिका प्रकाशित हुन्छ । यिनमा हृदयचन्द्रसिंह प्रधानका नौला बान्की भएका निजात्मक निबन्धहरू प्रकाशित गरेर नेपाली निबन्धको दोस्रो चरणको थालनी गर्दछन् । यस अवधिमा 'आँखा' (२००५), 'भारती' (२००६), 'पुरुषार्थ' (२००६), 'प्रभात' (२००७), 'प्रगति' (२०१०), 'गोर्खा' (२०११), 'नौला पाइलो' (२०१३), 'इन्द्रेणी' (२०१३), 'प्रहरी' (२०१६), 'नेपाली' (२०१६), जस्ता साहित्यिक पत्रिकाहरूमा थुप्रै निबन्धहरू पकाशित भएका छन् । यस समयका निबन्धकारहरूमा हृदयचन्द्रसिंह प्रधान, रामकृष्ण शर्मा, रूपनारायण सिंह, लक्ष्मीप्रसाद देवकोटा, कमलमणि दीक्षित, भीमनिधि तिवारी, तारानाथ शर्मा, ईश्वर बल्लभ, बदरीनाथ भट्टराई, श्यामप्रसाद शर्मा, वासुदेव शर्मा लुइँटेल, चूडानाथ भट्टराई, केशवराज पिंडाली, अच्छा राई 'रसिक' आदि देखिन्छन् ।

यस चरणमा प्रकाशित पुस्तकहरूमा बदरीनाथ भट्टराईको 'पच्चीस प्रबन्ध' (२००८), भेषराज शर्माको 'के कस्तो?' (२००३), भीमनिधि तिवारीको 'पन्ध्र प्रबन्ध' (२००४), हृदयचन्द्रसिंह प्रधानका 'भूस्वर्ग' (२००३), 'तीस रूपैयाँ नोट' आदि पर्दछन् ।

चूडानाथ भट्टराईको 'निबन्ध चूडामणि' (२०१६), अच्छा राई 'रसिक' को 'सप्तकोशी' (२०११), श्यामप्रसाद शर्माको 'तँ तिमी तपाईं हजुर' (२०१४), कमल दीक्षितको 'यस्तो पनि' (२०१३) आदि देखा पर्दछन् ।

बदरीनाथ भट्टराईका र भीमनिधि तिवारीका निबन्धहरू परात्मक तथा वस्तुपरक देखिन्छन् । प्रेमराज शर्माले सुरु गरेको हास्यव्यङ्ग्य निबन्धलाई केशवराज पिंडाली, वासुदेव शर्मा लुइँटेल आदिले अगाडि बढाए । खोज-अनुसन्धानमा कमल दीक्षितको नाम आउँछ । श्यामप्रसाद शर्मा र हृदयचन्द्रसिंह प्रधानले निजात्मक निबन्धको आलोचनात्मक यथार्थवादी प्रवृत्ति अँगाले । यसै समयका देवकोटाको क्रान्तिकारी स्वच्छन्दतावादी प्रवृत्तिले पनि चरमोत्कर्ष प्राप्त गरेको छ । यिनका क्रान्तिकारी-स्वच्छन्दतावादी प्रवृत्ति, चरमोत्कर्ष रूप पाएका निबन्धहरू 'साँढे' शिशुभक्षकका लागि क्षमा प्रार्थना !', 'म सुवासिनी मान्छे भए के गर्ने थिएँ' आदि हुन, जुन त्यतिबेला प्रकाशित हुन सकेनन् । पछि २०३९ सालमा 'दाडिमको रुखनेर' निबन्ध सङ्ग्रहमा सङ्कलित हुन पुगेका छन् । तैपनि हृदयचन्द्रसिंह प्रधानको आलोचनात्मक यथार्थवादी धाराको तुलनामा देवकोटा पछि परेका देखिन्छन् ।

**३.३.३.३ तेस्रो चरण (२०१७ देखि हालसम्म)**

आधुनिक नेपाली निबन्धको तृतीय चरण 'रूपरेखा' प्रकाशनको समय २०१७ सालदेखि शुरु हुन्छ र यस चरणले वर्तमान समयलाई समेत छुन पुगेको छ । यस चरणमा देशभित्र र देशबाहिरका अनेकौं समाचारमूलक र साहित्यमूलक पत्रपत्रिकाको बाढी नै आयो । यसका साथै विभिन्न संघसंस्थाका मुखपत्रहरूबाट निबन्ध प्रकाशनको तीव्रता आएको देखिन्छ । तृतीय चरण निबन्ध विकासमा अनेक प्रकारका प्रवृत्ति लिएर देखिएको छ । यस चरणमा पाइने अनगिन्ती प्रवृत्तिलाई तीन मूल प्रवृत्तिमा समेटेर प्रस्तुत गर्ने प्रयास गरिएको छ । ती मध्ये (१) बौद्धिक चिन्तन धारा, (२) आलोचनात्मक यथाथवादी धारा र (३) समसामयिक विसङ्गतिप्रतिको टिप्पणीमूलक धारा ।

तृतीय चरणले जन्माएका निबन्धकारमध्ये उल्लेखनीय प्रतिभाका रूपमा प्रयोगशील निबन्ध लेखनको थालनी र विकासमा नयाँ मोड ल्याउने शङ्कर लामिछानेलाई लिन सकिन्छ । उनले 'एब्स्ट्रयाक चिन्तन प्याज' (२०२४), 'गोधुली संसार' (२०२७), 'बिम्ब प्रतिबिम्ब' (२०२८), 'शङ्कर लामिछाने' (२०३२) जस्ता लयात्मक, चित्रात्मक र काव्यात्मक भाषामा बौद्धिकता, चिन्तनशीलता र प्रयोगधार्मिता आदिको प्रयोग भएका निबन्ध लेखेका छन् । शिल्पमा अमूर्तता एवम् चेतनप्रवाहका दृष्टिले बौद्धिक गहनताले भरिएका यिनका निबन्धहरूले आधुनिक नेपाली निबन्धको तेस्रो चरणको प्रतिनिधित्व गर्दछन् । तेस्रो चरणको प्रथम प्रवृत्तिअन्तर्गत कलम चलाउनेहरूमा रामकृष्ण शर्मा, म.वि.वि. शाह, भाइचन्द्र प्रधान,

कमल दीक्षित, इन्द्रबहादुर राई, बालकृष्ण पोखरेल, श्रीधर खनाल, रामकुमार पाँडे, वासुदेव त्रिपाठी, कृष्णप्रसाद पराजुली आदि पर्दछन् ।

तेस्रो चरणको दोस्रो चरणअन्तर्गत समाजमा धार्मिक, प्रशासनिक एवम् सांस्कृतिक विसङ्गतिका पक्षहरू र राजनैतिक एवम् आर्थिक विसङ्गतिहरूप्रति व्यङ्ग्य प्रहार गर्ने प्रवृत्ति आलोचनात्मक यथार्थवादी निबन्धकारहरूले प्रयोग गरेका छन् । यस फाँटमा पर्ने निबन्धकारहरूमा रमेश विकल, पारिजात, आनन्ददेव भट्ट, लीलाध्वज थापा, गोविन्द भट्ट, चूडामणि रेग्मी, वल्लभमणि दाहाल, वासुदेव शर्मा लुइँटेल देखिन्छन् ।

समसामयिक विसङ्गतिको आलोचना गर्ने तेस्रो प्रवृत्तिअन्तर्गत लेखिएका निबन्धहरूमा स्वच्छन्दतामूलक र अन्तर्मुखीचेतका स्थान नगण्य हुँदै गएको छ भने पछिका वर्षहरूमा अराजकतामूलक स्वतन्दतावादको विकास हुँदै गएको छ । समाजमा देखा परेका विकृति र विसङ्गतिलाई व्यङ्ग्यवाण प्रहार गरेर निबन्ध सृजना गर्नेहरूमा गङ्गा उप्रेती, माधवप्रसाद पोखरेल, निर्मोही व्यास, मोहनराज शर्मा, रामलाल अधिकारी, पद्मरत्न तुलाधर, मेघराज गञ्जुल, विमल निभा, राजेन्द्र सुवेदी, घनश्याम कँडेल र विकिरण निर्जीव, सुधा त्रिपाठी, मनु पौडेल, भीष्म उप्रेती, रुद्र खरेल, खगेन्द्र सङ्ग्रौला आदि पर्दछन् । समसामयिक धाराअन्तर्गत निबन्ध सिर्जना गर्ने क्रम, चलिरहेकोले कैयौँ निबन्धकारहरू स्थापित हुँदैछन् ।

# चौथो परिच्छेद

# 'सालिक' निबन्ध सङ्ग्रहको कृतिपरक विश्लेषण

## ४.१ 'गीतको दाम, कविताका भाउ, मानिसको मोलतोल' निबन्धको विवेचना

### ४.१.१ विषयवस्तु

'गीतको दाम, कविताको भाउ, मानिसको मोलतोल' निबन्धकार कृष्णचन्द्रसिंह प्रधानको एक उत्कृष्ट विश्लेषणात्मक निबन्ध हो । यो उनको 'सालिक' (२०२६) निबन्ध सङ्ग्रह भित्र संकलित पहिलो निबन्ध हो । यसको लेखन २०१८ साल कार्तिक १५ गते भएको हो । कवि, कलाकार अनि आम मानिसको जीवनको मूल्य बोधको विविध - प्रसङ्गहरूको उल्लेख गर्दै यस निबन्धमा निबन्धकारले गायक कवि कलाकार तथा मानिसलाई बाच्न गाह्रो परिरहेको विडम्वनापूर्ण जीवनको विसङ्गत पक्षलाई उजागर गरेका छन् । त्यस्तै वर्तमान परिस्थितिमा कवि, गीतकार, गायकको दयनीय स्थितिलाई चित्रण गरेको पाइन्छ । साहित्यको अवस्थालाई वर्तमान समयमा 'बहादुर चुरोट' खान आउने ग्राहकसँग तुलना गर्दे वास्तविक रूपमा साहित्य र साहित्यकारको सम्मान हुन नसकेको कुरालाई उजागर गरेका छन् । लेखक कलाकारले भोग्नु परेका पाठक समस्या त्यसबाट उत्पन्न विषम परिस्थितिको चर्चा गर्दै निबन्धकार भन्छन् "कवि, गायक, अथवा कलाकार पहिले तिनीहरु मान्छे पछि अरु थोक ।"

गीतको दाम र कविताको भाउलाई स्रष्टाले तिरेको मूल्य होइन मन्दछन् निबन्धकार । वास्तवमा गीत कविताको विक्री होइन यसमा स्वयम् कलाकार बिकी रहेको तितो पिडालाई उदाङ्गो पार्छन् एकातर्फ समाजको निम्ति कला सृजना गर्न दिनरात खटिरहनुपर्ने गायक कवि र कलाकारको आत्माधिव्यक्तिले सिञ्चित चेतना र अर्को तर्फ सृजनाको माध्यमबाट जिविका टार्न नसकिने विडम्वना पूर्ण अवस्थालाई प्रस्तुत गरिएको छ ।

पहिले, कला, गीत, कविता थिए अहिले मूल्य पर्ने रचना छन् । बहादुर चुरोट र दर्दशान्ति तेलका ग्राहकझै भजाइरहेछन् -कृति र रचना । धेरै धर्य र उदारता देखाएर पाठक र श्रोता बढाउनु परेको विवशतालाई व्यङ्गवाण कसेका छन् । निबन्धकारले रचना र चुरोट को तुलना गर्दै चुरोट विनाको मानिस अनि ती मानिसको समाज लगभग त हुने पक्का छ तर रचना विना मौखिक रूपले त्यति असर नपर्ने भएकोले गर्दा यो विना जीवन जगत चल्छ, त्यस्तै साहित्यिक पाठकको सङ्ख्या सामान्य चुरोटका व्यसनीभन्दा निकै नै कम भएको कुरालाई स्पष्ट पार्दछन् । पहिलेका धन पैसासँग कृतिको दाँजो हुदैन्थ्यो । तर अहिले

धन पैसासँग कृर्तिको दाँजो हुन्छ तर अहिले धन पैसामा विक्छ त्यसैले मूल्य छ । तर कृति जो कवि गायकको- सिर्जनशिलताबाट सृजना हुन्छ त्यसमा पहिले र अहिलेमा कुनै पनि भिन्नता छैन । मूल्यको तुलनात्मक सिद्धान्तको विकासले बस्तुलाई नयाँ रूप र परिभाषाको महत्व दिएको छ । उदाहरणार्थ भटमास सस्तो थियो हेपिन्थ्यो अहिले महगो हुदा भिटामीन 'ए' देखि जेडसम्म पाइन्छ । धेरैमोल धरै कदर थोरै मोल थोरै कदर, वास्तविकता भन्दा र सारभन्दा पर अवास्तविकता रूपमा यसरी भाउ, मोल बढिरहेको छ, घटिरहेको छ । दिनानुदिन महँगी  बढि रहेको छ । सँगैं हाम्रा सामाजिक मूल्य मान्यता संस्कृतिक धरोहर र सभ्यता अनि साहित्यिक रचनाका कला र साहित्यहरूमा मूल्यको क्षयिकरण गरिरहेको छ । एक भारी दाउराको ३२ रूपैयाँ परेपनि एउटा कविता तथा कृतिको मोल जम्मा दश प्रन्ध्र नत्र बढीमा पचास पर्छ भनेका छन् । यसरी कवि र कलाकार भइ सिङ्गो जीवन बाँचिरहन अत्यन्तै गाह्रो छ,दाउरा भन्दा पनि कम मोलमा भन्दछन् ।

लेखकहरूले पहिले, पहिले आफै रूपैया ँतिरी पुस्तक छपाई लेखक बन्नु पर्ने भाग्य भरेसाबाट लेखक बनेकोमा केही सन्तोस छ भन्दछन् निबन्धकार । लेखेर कमाउला भन्ने आस न उहिले थियो न अहिले छ । जे जती प्रकाशकहर दिन्छन् त्यति लिनुपर्ने बाध्यता छ, लेखकको आत्माभिनता अर्थात स्वाभिमानलाई पनि नम्र भएर स्वीकानुपर्ने वाध्यता रहेको छ । आत्माभिमानी चाहे कवि होऊन गायक उसले सोध्ने छ परिश्रमको भाउ, समानता चाहन्छ तर रेडियो नेपाल वा दिल्लीको आकाशवाणी अथवा पत्रकार- सबैसित उनीहरूको थोर धेर सित मतलव छैन । यहि निर आत्माभिमानीहरू जुटे छन् । यसरी कृतिको मूल्य अथवा परिश्रम विनाको सामाजिक जागरणको बिडो उठाएका लेखक,साहित्यकार र कलाकार ले कहिले कसो आयआर्जन गर्न सके भाग्यमानी नै ठान्छन् । त्यो पनि श्रेणीले निधारण गर्छ । हाम्रो देशमा श्रेणी, तह भन्ने कुरा त संस्कृतिकको रूपमा रहेको छ राणाहरूले आफुलाई ए, बि, सी मा बाँड धर्ममीहरूले हिन्दुधर्म अनुसार चार जात छत्तीस वर्णको विभेदकारी श्रेणीमा विभाजन गरे । त्यही परम्परालाई कवि र कलाकारको समुहले अनुसरण गरे झै लेखक गवैयाको पनि श्रेणी वनाउदै कलाकार भन्दा ठुला र साहित्यकार भन्दा साहित्य माहन होइनन् भन्दै व्यङग्यको प्रश्न तेर्सोउछन् निबन्धकार कलाकार र साहित्यकार हेरेर कला र साहित्य हो मूल्याङक गरिने अन्धासिको परम्पराको खिल्ली उठाउन खोजेका छन् । उनी लेख्छन् 'रचना कस्तो छ सो सोधिरहनु मुर्ख हो,  सोधिरहनु पर्छ, रचनाकारको हुन् किनभने कलाकृतीको रक्षा हुँदैन, यो त परिक्षाभवनको विषय हो । श्रेणी हुन्छ

रचयिताहरूको यिनकै बर्ग अनुसार कलाकृतिको  वर्ग वा श्रेणी वनाइन्छ । ' अर्थात कलाको मूल्य छैन कविताको मूल्य छैन साँच्चिकै गीत कविताको मूल्यङ्कन हुने भइदिएको भए स्रष्टाको अनुहारमा आधारित भएर मूल्य दिइन्थ्यो देख्दा रचनाहरू लेखिएपनि त्यसको मान्यता कवि, गायक तथा कलाकारको भइरहेको नमिठो सत्यलाई निबन्धकार प्रस्ट पार्दछन् । कलाकृतिको मोल हुनै सक्दैन । यसको आफ्नो अस्तित्व छ, यो अमर छ । थोरै दामले यसको सात्विक मूल्यलाई न कम पार्छ न धेरै मूल्यले नै बढाउँछ । यो आफ्नै पूर्ण र मूल्यवान छ । तर किनिदा किनिने त मान्छे पो हुन् । कलाकार कवि र गायक भन्दा पहिलो त ती मान्छे हुन् । कलाकृतिको माध्यमबाट तिनीहरू पनि बेचिन्छन् किनिन्छन् । मान्छेले बेचेर किनेर कलाकृतिले उसको आफ्नै हुन सक्दैन । साधरण मान्छेको रूप नभई कवि, कलाकार तथा गायकको रूपमा मोलतोल हुन्छ किनबेच हुन्छ । कला त केवल साधन हो । साध्य त मान्छे नै हो अर्थात मान्छेको मोल हुन्छ । जहाँ बीस, पच्चिस, तीस, पचास सम्म मात्र पर्दछ । व्याङग्यको उत्कर्षका रूपमा यस अभिव्यक्तिलाई प्रस्तुत गर्न सकिनछ । मामुली मान्छे होइनन्- कवि, कलाकार, साहित्यकहरू महान् हुन तर कति सस्तो यिनीहरू कलाकृति अमर हुँदैनन् साधारण । अचेल विसंगति पूर्ण रूपमा लेख्छन् आफुलाई थोरै रूपैयामा वेचेरपनि आफ्नो निष्ठा नवेच्ने आफ्नोकृति सस्तोमा सुम्पेर पनि नविक्ने कवि कलाकार लेखकहरूको त्याग सम्झन्छन् । उनीहरूका उदारता अनि मोल तोलमा भाग लिएर पनि स्वतन्त्र भन्दै कराउने हरूको विवश्ता ॥

### ४.१.२ विचार /उद्देश्य

गीतको दाम, कविताको भाउ र मानिसको मोलतोल निबन्धकार कृष्णचन्द्रसिंह प्रधानको निजी विचारले भरिपूर्ण उत्कृष्ट समसामयिक निबन्धको रूपमा देखा परेको छ । साहित्य, कला र संगीतको पेशामा लागेका बाँच्न नसकिने नत स्वाविमान नै बचाउनसकिने तीतो यथार्थलाई प्रस्तुत गर्नु यस निबन्धको मूल उद्देश्य हो ।

यस निबन्धले बस्तुको भाउ र मोलतोलमा उत्रिनु पर्ने कला साहित्यको विवशता र त्यसबाट सृजित कलाको मूल्य प्रतिको विचारलाई व्याङ्ग्यात्मक रूपले प्रस्तुत गर्दै एक विटो दाउरा भन्दा कम, एक बट्टा चुरोट भन्दाकममा साहित्यिक कृतिको मूल्य हुँदा स्वयम कलाकार साहित्यकारको अपमान भइरहेको कुरा व्यक्त गर्न खोजेका छन् । कला स्वयम नबिकी नवेची कलाकार, साहित्यकार किनिनुपर्ने,वेचिनु पर्ने विडम्वनापूर्ण परिस्थितिको

उजागर गर्नु यस निबन्धको भित्री आशय रहेको कुरालाई प्रस्ट्यएका छन् । यसरी किनिदा र वेचिदा पनि विभिन्न श्रेणी र तहमा बाँडिनु पर्ने मान्छेको सुख हेरी कला र सिर्जनाको मूल्याङकन गरिने परिपाटी प्रति उनको गुनासो रहेको विचार व्यक्त गर्दछन् । कला र साहित्यका बास्तविक पारखी तथा पाठकहरू धेरै हुन नसकेको प्रति खेद व्यक्त गर्दै यस क्षेत्रमा उचित विकास हुन् नसकेकोमा दुःख प्रकट गरेका छन् । अमूल्य कृतिहरूको मूल्य मान्यता हुन नसकेको कुरालाई उजागर गर्दछन् । वर्तमानमा पनि प्रकाशकहरूले जति लेख, रचनाहरू दिन्छन् त्यहीलाई स्रष्टाले सन्तोष मान्नै पर्नै बाध्यता रहेको भाव प्रकट गरेका छन् । त्यही वाध्यतालाई स्वीकार्न नसक्ने स्रष्टा अपमानित हुँदैन उसले आफ्नो प्रतिस्ठा (जो आफैमा खोक्रो हुन्छ) र आत्मभिमान (जो देखावटी हुन्छ) गुमाउछ भन्ने कुरालाई दर्शाएकाछन् ।

गीत, कविताको कुनै मोल नहुने, भाउ नहुने बरु त्यस्को सात्विक मूल्य हुने र त्यो रूपैया पैसामा रूपान्तरण हुन सक्दैन भन्ने कुरा लेखक को जोड रहेको छ । रचनाको सही मूल्याङ्कन हुन नसकेको कुरा गर्दै रचना आफैमा पूर्ण सत्य हो भन्दछन् निबन्धकार ।प्रस्तुत निबन्धले स्रष्टाको सम्मान र सृजनाको संरक्षण हुनुपर्ने कुरालाई साङ्केतिक रूपमा व्यक्त गर्नु पनि उद्देश्य रहेको देखिन्छ । जहाँ सम्म कला, साहित्य र सङ्गीत छ त्यहाँ सम्म जीवन छ । साँच्चिकै सुन्दर जीवन छ ।यो विनाको जीवनहरू आलुका बोक्रा सरी बन्दछन् भन्ने भनाई निबन्धकारको रहेको छ ।

### ४.१.३ प्रस्तुती /भाषशैली

'गीतको दाम, कविताको भाउ, मानिसको मोलतोल' निबन्ध निबन्धकार कृष्ण चन्द्रसिह प्रधानको उत्कृष्ट जीवन भोगाइको आलेख हो भन्न सकिन्छ । आफू पनि स्वयम् एक लेखक, एक साहित्यकार भई भोगेका यावत् पिडा मर्न स-साना अनुभूतिका छिटाहरूबाट सिर्जिएको तर विशाल सागर हो यो निबन्ध । विचार भावले भरिपूर्ण प्रयुक्त भाषाशैली अत्यन्त शालिन, शिर र औपचारिक छ । यस निबन्धको भाषाशैली सरल भएपनि यसको बोधगम्यता सहज छैन । वाक्य संरचनाले ठीक ठीक स्थानमा ठिकठिक रूपले अर्थ दिन नसकेको र विकीर्ण चिन्तनको रूपमा निबन्ध देखा पर्दछ । जीवनलाई स्रष्टाको सृजनासँग नादाम्यता गर्न खोज्दा दुरुह उत्पन्न भएको देखिन्छ ।कतै सहज,सरल छ कतै

अगम्य  छ । अभिधार्थमा जे जति प्रष्ट हुन्छ त्यसबाट लक्षार्थ र व्याञ्जार्थ मा फरक अर्थ बुझ्न सकिन्छ ।

जम्मा जम्मी ८ अनुच्छेदमा संरचित यस निबन्धमा प्रयुक्त शव्दहरू उच्च कोटीमा साहित्यिक छन् भने व्याङ्गयार्थ बोकेका वाक्यहरूले भरिपूर्ण छन् । निबन्धले अनुच्छेदको कडी जोड्दै विचारलाई लयात्मक ढङ्गले बहाउदै शिर्षकको परि पुष्टिलाई आत्मसाथ गरेको छ । गीत र कविताको भाउ भन्दा सर्जक अर्थात मान्छेको मोलतोल हुनु जस्तो विडम्वनापूर्ण परिस्थितिका रङगमञचमा शव्द तथा भावका माध्यमद्वारा पाठक सामु पस्कन यो निबन्ध सफल भएको छ । बहादुर चुरोट तथा हजामी -पाचक जस्ता ततसमयको बस्तुहरू सँग तुलना गर्दै कला र साहित्यको मूल्य प्रति स्रष्टाहरूको दुःख, पीडालाई व्यक्त गर्दछन् । भाव लहरका शैलीमा लेखिएका निजात्मक निबन्ध उत्कृष्टताको केटीमा शैलीका आधारमा परेको छ । वर्णनात्मक र उदाहरणत्मक शैली अंगालिएको निबन्ध छोटो,मिठो र रिसक लाग्दो छ ।

## ४.२ 'उन्मुक्त भैरवका श्रद्धालुहरूलाई' निबन्धको विवेचना

### ४.२.१ विषयबस्तु

'उन्मुक्त भैरवका श्रद्धालुहरूलाई' निबन्धकार कृष्णचन्द्रसिंह प्रधानको निबन्ध एक उत्कृष्ट समसामयिक निबन्ध हो । यो उनको 'सालिक'(२०२६) निबन्ध संग्रह भित्र संकलित दोस्रो निबन्ध हो । यसको रचना वि.स. २०१८ साल चैत्र १० गते भएको हो ।  यो निबन्ध हिन्दु धर्मालम्वीका देव पुरुष भैरव र उनको उन्मत्तता अनि उनका श्रद्धालुका बारेमा आधारित छ । यस निबन्धबाट निबन्धकारले भैरवको उन्मत्तता भित्र सृजनाशीलताको व्याख्या गर्दछन् ।

उन्मत्त पशु मात्र नभई मानिस र देवता पनि उन्मत्त हुन्छन भन्दै उन्मत्ततामा पौरुष देख्दछन् । पशु प्रकृतिलाई उन्मत्तता भन्नु भन्दा पनि यसको सृजनशिलतातिर ध्यान दिनुपर्ने कुरामा जोड दिन्छन् । पौरुषको विराट रूप नै उन्मत्तता हो । मान्छे भित्र उन्मत्ततालाई पशु प्रकृति मान्ने नै हो भने पनि यो प्रकृतिबाट आम (सबै) मुक्त नभएको कुरा व्यक्त गरेका छन् । हामी सेकेन्ड ह्याण्ड काम गरिरहेका छौं, लिथो गरिरहेका छौ अर्थात मान्छे हामीले जन्माएका होइनौं, न पशुले, न देवले जन्माएको कुरा गर्दछन् । प्रचलित दुई विचार धारा (१) डार्विनको विकासवादी धारा र (२) पूरातनवादी धार्मिक ब्रम्हावादी धारा रहेका छन् चिम्पान्जी बाँदर र बुढा ब्रम्हा नै हाम्रा अविष्कार भएको बताउदै यिनीहरूकै बिचबाट केहि

पशुत्व र केही देवत्वका गुणहरू मानिसमा रहको पाइन्छ । केही देवत्वको कारण बुद्ध, गान्धी र मुहम्मद भए भने पशुत्वको कारण निरो, हिटलर हिरण्यकशिपु कंस भएको विचार व्यक्त गर्दछन् ।

मानिसमा रहेको नक्कल गर्ने गुणको चर्चा गर्दै कहिले देवत्व बन्ने कोसिस त कहिले पशु बन्ने कोसिस गर्छ तर दुवै पलमा मानवता चाहिं पराजित हुन्छ । मान्छे स्वयम् मानवताको विकास नहुनुमा देवत्व र पशु नै मानिसका पुर्वज हुन । उन्मत्तता पनि यौन उन्मत्तलाई फ्रायडले विश्लेषण गरिसकेका छन् जसले मानिस कामुक प्राणीका रूपमा व्याख्या गरेका छन् । यौन स्वच्छन्दतालाई हेर्दा पशु र देवतासँग जोड्दै उनीहरूको स्वच्छन्दताले मानिसलाई पनि प्रभाव नपरिरहन सक्दैन भन्छन् । त्यसैले पौरुषले धेरै कुरा लुकेर रहेको यौनावेग र यौनाच्छालाई कसरी प्रस्फुटन गर्‍यो होला भन्ने अडकल गर्दै हाम्रो धारणाले देवताको अङ्गप्रत्याङगलाई ढोग्ने र पुजागर्ने प्रवृत्ति सिकाएको कुरामा मिठो व्याङ्गय गर्न पुग्छन् । अश्लील र श्लीलको भेद छुट्याउन पनि गाह्रो भएको भन्दै अश्लील भन्नेहरू नै सधुरिएर बस्नुपर्ने अप्ठेरोलाई प्रस्तुत गर्दछन् । पश्चिमेली संस्कृतिको कुरा गर्दै उनीहरू अझै पनि जात्तीय गुणबाट छुट्टिन नसकेको तर अलिकति भएपनि हामीले त्यो सभ्यतालाई पछाडि छोडेको कुरा गर्दछन् । हाम्रो वरिपरी पटकपटक यौन पौरुषलाई जीवित पार्ने भैरव महादेवको शिवलिङ्गको चर्चा गरी हाम्रो अन्धअवस्थालाई उजागर गर्दछन् ।

### ४.२. विचार /उद्देश्य

कृष्णचन्द्रसिहं प्रधानद्वारा लिखित 'उक्त भैरव निबन्धमा श्रद्धालुहरूलाई 'मानवको मनभित्र लुकेको यौन चाहनालाई व्यङ्ग्य गरिएको छ । यस निबन्धले अचेल जुन किसिमको अश्लिल संस्कृतिको विकास भएको छ । सोलाई हाम्रो जीव विकास सिद्धान्त र धार्मिक आदि ग्रहण भएको भन्दै यसले पूर्णता हामी पशु र देवता बन्नेको कुरालाई व्यक्त गरेका छन् ।

हामी सभ्य समाजको कल्पना गर्छौ,हामी सभ्य व्यवहारको कुरा गर्छौं । हामी मानवताका कुरा गर्छौ तर वास्तवमा वर्तमान अवस्थासम्म पनि हामीले पूर्णरूपमा मानवताको विकास गर्न नसकी हाम्रा पूर्वज भनिने चिम्पान्जी बाँदर वा सृष्टिकर्ता ब्रम्हाद्वारा सृजित अनादर र व्यर्थका उन्मुक्त प्राणी बाहेक उनरुथोक बन्न नसकेको तितो सत्य प्रष्ट पार्दछन् । उनी यस निबन्धबाट एकातर्फ अश्लीलतालाई परिभाषित गर्ने गर्दछन् भने अर्कोतर्फ उन्मत्तलाई यौन पौरुषतासँग दाँजेर यो विना सृजनशीलता नरहने कुरालाई पनि

प्रस्तुत गर्दछन् भैरवको पशुत्व र देवत्वलाई विभिन्न दृष्टिकोणबाट निहाल्दै उनका भक्तहरू हामी उनीप्रति सन्तान प्राप्तिमा लागि दमित चाहनाको परिपूर्तिका लागि भौतारिन्छौँ । हामी भित्र सुपुष्त अवस्थामा रहेको कोषशास्त्रको जीवित प्राणका लागि सदैव अनुग्रहित र आभारी छौ भन्ने कुरालाई देखाएका छन् ।

### ४.२.३ प्रस्तुति/भाषाशैली

निबन्धकार कृष्णचन्द्रसिह प्रधानले यस निबन्धमा हाम्रा जैविक, सस्कृतिक र धार्मिक आस्थालाई निजात्मक रूपमा व्यक्तगरेका छन् । विचारहरूको ऋङ्खलाले हामीलाई द्वैध अवस्थाको सिर्जना गरी मउँन पार्न अनि रचना शैली कतै लोभ लाग्दो र कुतकुत्याउँदो रहेको छ भने कतै गम्भीर र गहन छ । हाम्रा पूज्य देव भैरवको स्थान र महत्वलाई विविध रूपले व्याख्या गरी धामीक र जैविक पक्षको विश्लेषण गर्न वर्णनात्मक शैली अंगालेका छन् ।

भाषिक दृष्टिकोणले निकै तिखारिएको परिष्कृत र परिमार्जित देखिन्छ । यस निबन्धमा गान्धी, बृद्ध, ईशु जस्ता व्यक्तिलाई देवताका रूपमा उभ्याएका छन् । भने पशुत्वकारण निरो, हिटलर, ंकंश हिरण्यकशिपु बन्न पुग्दछन्, मानव समाजमा तीनै नामधारी पात्र नभएपनि तिनका काम र व्यवहारको अनुकरण अनुशरण गर्नेहरू प्रस्सत रहेको देखिएको छ । भाषालाई केवल अविधा अर्थमा मात्र नभई त्यसको व्यञ्जना अर्थ खोज्नु पर्छ भन्ने मान्यता यस निबन्धमा रहेको पाइन्छ । त्यस्तै तार्किक परिपुष्टिका लागि विविध उदाहरणहरू प्रस्तुत गर्न निबन्धकार सफल भएको पनि देखिन्छ । यो निबन्ध जम्मा १० अनुच्छेदमा संरचित रहेको छ । यस निबन्धमा पात्र र तिनका क्रियाकलापका चित्रण वर्णनका माध्यमबाट व्यक्त भएको हुनाले यसको लेखनशैली प्रतीकात्मक बनेको छ । यस निबन्धमा आन्तरिक सङ्गती चेतनाले युक्त भाषशैलीको प्रयोगले प्रस्तुत गरेको छ ।

## ४.३ 'शवः सालिक : बिद्रोह' निबन्धको विवेचना

### ४.३.१ विषयबस्तु

शवःसालिकः विद्रोह र निबन्धकार कृष्णचन्द्रसिंह प्रधानको उत्कृष्ट विचार प्रधान निबन्ध हो । यस निबन्धमा सुरुमा स्टालिनको शव विरुद्ध र नेपालमा राणा शासकहरूका सालिक बिरुद्ध भएको विद्रोहलाई एकाकार गरी विद्रोह विभिन्न किसिमले हुने र विद्रोह बिना

नयाँ सभ्यता र समाजको विकास हुन नसक्ने निजी विचारलाई व्यक्त गरेका छन् । मानब सभ्यता यौन सँग जोडिएर आएको विद्रोहको वर्णन गरी यो निबन्धले फन्का मारेको छ ।

यस निबन्धमा निबन्धकारले प्रारम्भमा हेमिङ्वे, देवकोटा, लेलीन यूनानहरूका आ-आफ्ना विरोध थिए, लडाइँ थिए भन्दै उनीहरूको विद्रोह आजतक जीवित रहेको छ भन्ने कुरालाई अगाडि सार्दछन् । विद्रोह विनाको मानिस मरे सरहको हो भन्दछन्, निबन्धकार बिद्रोह जहाँ तहीजुनवेला पनि भइरहने र भएका कुरा गर्दै लास र सालिक बिरुद्ध विद्रोहको चर्चालाई सुरुवात गर्दछन् । रुसी विद्रोह थियो स्टालिनको लाससँग रसियाली बहिष्कार गर्ने संस्कृतिबाट हुर्केका हुनाले स्टालिनको लास वहिस्कार गरी विद्रोह गरेभने हामीले विद्रोह गर्ने नाउमा राख्या प्रधानमन्त्रीको सालिक स्थानान्तर मात्र गरेको कुरालाई प्रष्ट पार्छन् । हेर्दा र सुन्दा फरक परेपनि भित्री चुरो एउटै बिद्रोह भएको कुरालाई निबन्धकार जोड दिन्छन् ।

बिद्रोहको अर्थ परिवर्तन अर्थात् नयाँ माग हो । लाससँगको विद्रोह पनि कम महत्वको छैन । यिनै लासहरूको इतिहासले आजसम्म हामीलाई पछ्याइरहेको छ । हाम्रो दर्शन विचार धारा सोचलाई यिनै लासले कही न कही ठगिरहेको छ । त्यसैगरी सालिकहरूपनि अत्यासलाग्दा इतिहासका पात्रहरू हुन जसले हाम्रो भविष्य र हाम्रो आत्मस्वतन्त्रतालाई कुल्चिएका थिए । अझ राणा प्रधनमन्त्रीका शालीक देख्दा नै सास अडिएर आउने कुराले तिनीहरूको क्रुरता र पशुत्वको चित्रण गर्दछ । स्टालिनले जसरी रुसमा निरङ्कुश सासन गरे त्यही शासनको परिणामस्वरूप उनको लासका विरुद विद्रोह गरे ताकी अर्को स्टालिनको जन्म नहोस् भन्ने चहना राखेको हो भन्छन् निबन्धकार । रुसमा स्टालीनको लासको बिरुद्ध विद्रोहको अर्थ हो । व्यक्तिवादको विरोध पुजारीले धौताको भक्ति गरेझैँ आँखा चिम्लेर कसैको भक्ति र श्रद्धा गर्नाले आफुमा अज्ञानता आउँछ अरु व्यक्तिमा तानाशाही प्रवृतिको विकास हुन्छ ।

राणाका सालिक कलाकारका कलाकृति सुन्दर हुन्छन् तर मान्छेको रगतै रगतले पोतेको उसको अनुहार उसले भिरेको तरवार पालिस लगायको वुट फौजी पोशाकले उसको क्रुर इतिहासलाई सम्झना गराउँछ । जीवितहरूको भन्दा पनि उसको भूत जस्तो भयानक उपस्थितिले आतङ्कित तुल्याउछ तिनी सालिक विरुद्धले विद्रोहले पनि परिवर्तनतिर उन्मुख गराउँछ र मानिसको क्रियाशिलता हो भन्छन् । सालिक र मुर्दाको विरोध कुनै जाती वा व्यक्तिको नभई अप्रजातान्त्रीक व्यबस्था र मौलिक हक हनन गर्नेको विरुद्धको विद्रोह हो भन्छन् । राणहरूका सालिकमा उनले हाम्रो छातीमा रोपेका अन्धकार व्यबस्था कुस्सकार

अझै पनि बिर्सी नसक्ने खालका छन् । त्यसरी नै स्टालिन प्रतिको विरोध मान्छे प्रतिको पूर्व आग्रह नभई उसले सत्ताले सिर्जेको मानव इतिहासको क्षयकरणको बिरोध हो । निबन्धकार भन्छन् ज्यूँदै मान्छे भन्दा मरेका मान्छेहरू बढि भयानक हुन्छन् । चाहे लासको रूपमा हो या सालिकको रूपमा । यिनी मृत मानिस मरिरहनु नपर्ने भएकाले उसको आक्रमण पनि कहिलै पनि रक्षत्मक हुँदैन र दृश्यवत पनि हुँदैन इतिहासका मान्छेहरू हामी ज्युँदाहरूभन्दा सक्रिय छन् भन्छन् । यी डरलाग्दा लास र सालिक मात्र नभई उनले बनाएको कुर र मानव धाती इतिहास पनि भेटिनु पर्छ भन्दछन् ।

हाम्रो राजनीतिको इतिहासलाई खोतल्दै हाम्रा नेताहरूमा भ्रष्टीकरण देख्छन् । हामीले प्रगति गर्न नसकेको कुरा उल्लेख गर्दछन् अन्य देशले उन्नति गरिसके तर हाम्रा यहाँ धर्मात्मा र इमान्दार भन्नेहरले आफैँ मखुण्डा र अत्यन्तै घिन लाग्दा, पाप र कुकर्म गरिरहेका छन् भन्दछन् । यी धर्मात्मा र इमान्दारहरू देखी त्यस्तै अपराधी भएपनि यहाँ सज्जन र सम्मानित भएर बाँचिरहेको दुखेसो पोख्छन् । निबन्धकार भन्छन् अपराध र दोष पनि देश र परिवेश अनुसार फरक फरक हुदोरहेछ ।

सभ्य युगमा पुगिसकेका रसियालीलाई कमजोर नै रहेछन् भन्दौ एउटा लाससँगको डरले भएभित भएकोमा व्यङ्गय गर्दछन् । तर पनि यो विद्रोहको स्थापनाबाट मानिस विद्रोह गरेर नै विकास उन्मुख हुन्छ भन्दछन् । अरु सालिक र इतिहासका लासबाट मुक्त हुन परोस भन्दै निबन्धकार सुनौलो भविष्यको अपेक्ष गर्दछन् ।

### ४.३.२ विचार/उद्देश्य

प्रस्तुत निबन्धमा निबन्धकारले उद्देश्य तर्फ सर्तक भई जीवन बाँच्नु पर्ने आम मानिसको बाध्यता बीचमा भयानक सालिक र लासको वर्णन गर्नु भएको छ । यी लास र सालिक देख्दा जडदेखि पनि अत्यन्तै डर लाग्दा र घिन लाग्दा पृष्ठभूमीले गर्दा भोलि पनि अराजनक हुन्छ । ढुङगाको सालिक र मृत लास प्रति विद्रोह सांकेतिक हो, जसमा उसको इतिहास, उसको क्रुरताको विरोध हो भन्नु रहेको छ ।

व्यङगयात्मक शैलीमा लेखिएको यो विबन्धले हाम्रो निम्ती वा जीवन प्रति विविध तरहले खोज तलास गरेको छ । निजात्मक शैलीमा लेखिएको यो निबन्धले संसारको इतिहासलाई हेर्ने हो भने अस्त्र बल भन्दा मनुष्य बल नै शक्तिशाली छ मानिसहरू विश्वास, आस्था स्वभिमान र उत्सर्गहरू अजय छन् । हतियार सामु शिर झुकाउने होइन आफ्नो

अस्तित्वको लागि शिर दिन पनि पछि नपर्ने कुरा औल्याएका छन् । विद्रोह मानवले पाएको आदिम चिनो हो र यो यस्तो हतियार हो जसबाट पटकपटक आफ्नो अस्तित्व र अस्मितमको पहिचानलाई अमिट राख्न सफल भएको छ, भन्ने कुरा देखाउनु आफ्ना स्वाभिमानि अस्तित्व राष्ट्रवादी विचारलाई निकै तिख्खार रूपमा प्रस्तुत गर्नु निबन्धकारको मूल उद्देश्य रहेको छ । निबन्धकार प्रश्नले यस निबन्धमा विचारको स्वतन्त्रामा हुनुपर्ने दृष्टिकोणलाई अगाडि सार्दछन् । सबै खाले विचारले फुल्ने अवसर पाएमा मानव सभ्यताको विकास साथै देशको शासन व्यवस्थामा देशमा व्याप्त भष्ट अत्याचार, शोषण, दमन कुसंस्कृति र अनियमितता प्रति यस निबन्धमा व्यङ्गात्मक प्रहार गरेको छ । निबन्धकारका विचारमा जुन शासन सत्ता चलाउने हरूका भनाई र गराईमा तालमेल हुन नसकेको र विसङ्गत परिस्थितीको चित्रण गर्दै त्यस प्रति व्यङगत्मक विद्रोहको स्वर सुसोलिएको छ । मानव इतिहास संघर्षको इतिहास विद्रोह जारी छ स्वाधिनता र पराधिनता बिच त्यसैले हिजोदेखि लडाई लड्दै आइरहेको लडाई आज पनि लड्दैछन् । मान्छेहरू भविष्यमा पनि बिद्रोह गर्ने छन् भन्ने कुरा देखाएका छन् । समाज परिवर्तनको मूलबाहक बिद्रोह हो जसले सम्पूर्ण विकास तथा समाज सुधारका कार्य ल्याउँदछ । जीवनका लक्ष्यमा पुग्नका लागी आफ्ना अदिया र विववासको लागि हामीहरू पनि साहस र हौसलाका साथ बिद्रोहमा लाग्नु पर्छ भन्ने निबन्धकारको विचार रहेको छ । यही सन्देशमूलक विचारको अभिव्यक्ति दिँदै मान्छे भन्नु नै बिद्रोहको अर्को रूप हो । देशमा हुने व्याप्त भ्रष्टाचार, दुशचार, अन्याय, अत्याचार तथा अप्रजातान्त्रिक परिपाटीका बिरुद्ध सघर्ष गर्नुपर्ने धारणा यस निबन्धमा व्यक्त भएको छ । उनको विचार मा सुन्दर भविष्यको अपेक्षा गरेका छन् । यी धारणा यस निबन्धमा पेश गर्न सफल भएका छन् ।

### ४.३.३ प्रस्तुत/शैली

निबन्धकार कृष्णचन्द्रसिह प्रधानले ‘शव : सालिकः विद्रोह’निबन्धमा सामान्य विषय बस्तुलाई पनि निकै रोचक र कलात्मक तरिकाले प्रस्तुत गरेका छन् । मानव सभ्यता तथा सामाजिक सांस्कृतिक र पर्यावरणीय यथार्थलाई निबन्धकार प्रधानले निजात्मक तथा वर्णनात्मक ढाँचामा प्रस्तुत गरेका छन् । नेपालको इतिहासका साथसाथै विश्वमानव इतिहासमा बेलाबेलामा देखापरेका सङ्कट मानवले भोग्नु परेका युद्ध, निरङकुश शासकबाट भएका हिसां, हत्या र त्यसबाट सिर्जित भयपूर्ण एवम् सन्त्रासपूर्ण मानव जीवनका पिडालाई

समेत आत्मानुभूतिगत ढाँचामा प्रस्तुत गर्नु यस निबन्धको शिल्पगत शैलीगत वा प्रस्तुतिगत विशेषता हो । यस निबन्धमा एकातिर वस्तुगत विषय विवरण पाइन्छ भने अर्कोतर्फ निबन्धकारले त्यसलाई निजात्मक रङ्ग दिने काम समेत गरेका छन् । त्यसैले यस निबन्धमा आत्मपरक र बस्तुपरकताको समिश्रित रूप पाइन्छ । मानवले आफ्नो स्वार्थ भोग विलासी प्रकृतिलाई महत्व दिएको छ । तर त्यसको पछाडि लाग्दा देखापर्ने विकृति विसङ्गतिको वेवास्ता गर्ने र क्षणिक भौतिक सुख भोगलाई  महत्व दिने अमानविय स्वार्थी प्रबृत्तिलाई तिखो प्रहार गरेको हुनाले यसको शैली व्यङगत्मक बनेको छ ।

निबन्धकार कृष्णचन्द्रसिहं प्रधानको यस निबन्धमा सरल, सहज र प्राकृत भाषाशैलीमा वर्णन गरेका छन् । आफूले भन्न खोजेको कुरालाई वर्णनात्मक शैली अंगाली व्यक्त गरेको पाइन्छ । रसियाको विद्रोह र नेपालको विरोध तुलना र सामान्ता हेर्दै व्याख्या विश्लेषण गर्दै पाठकलाई विवेचनाको प्रशस्त अभ्यास छोड्छन् । विचार र भावनाको गहनतालाई विषयवस्तुको विचधारमा कायर र ज्युदा मानिसको आत्मस्वभिमान र जीवनशैली ठाडो र कडा प्रश्न उभ्याउदै मुर्दा र मुर्तिबाट मुक्त भई यथार्थफरक भौतिक जीवनप्रति आस्था राख्नुपर्नेमा जोड दिएका छन् । भावनालाई सुमुधुर शब्दको सयोजन र कलात्मक प्रस्तुतिबाट वेजोड निबन्ध बनाउन सफल छन् निबन्धकार कृष्णचन्द्रसिह प्रधान ।

## ४.४ 'आत्महत्याको अंगालोमा' निबन्धको विवेचना

### ४.४.१ विषयवस्तु

प्रधानको वैचारीक तथा दार्शनिक निबन्धको हो । प्रतिकारत्मक रूपमा यस निबन्धले आत्महत्या जस्तो विसङ्गतीपूर्ण जीवनको उदाहरणलाई उजागर गर्ने कोशिस गरेका छन् । मान्छेहरूले आत्महत्या नदीमा हाम्फालेर,डोरीमा झुण्डिएर गरिरहेकाछन् । आत्महत्याका वारेमा कानुनले अपराध भन्छ भने धर्मले पाप तर मानिसहरू आत्महत्या गरिरहेकाछन् । किनकी मरेपछि न कानुनले अपराधको सजाय दिन सक्छ न पाप धर्मको ठेकेदार पापीका विल्ला भिराएर जिउँदै मार्न सक्छन् । आत्महत्या मर्नु नभई बाँच्नु हो भन्ने ठम्याइ रहेको छ, निबन्धकार कृष्णचन्द्रसिह प्रधान को ।

जति बाँचिन्छ उति अपराध गरिन्छ उति पाप गरिन्छ अपराध र पाप नगरी न जीवन चल्छ बाँच्न सकिन्छ । तसर्थ आत्महत्याले पाप गर्नबाट बचाउँछ, अपराधी हुनबाट रोक्छ । यो जीवनको घिनलाग्दो कुटिल पक्षलाई संकेत गर्दछन् । आत्म हत्या गर्नेले केवल आफ्नो

जीवन त त्यागछ र मर्छ, तर बाँच्नेहरू अरुलाई नमारी अपराध नगरी बाँच्न नसक्ने वर्तमान परिस्थितीको जटिलता र असंगल जीवनको भोगाइलाई व्यक्त गर्दछन् । परिस्थिती र परिवेश जस्तोसुकै भएपनि अपराध अपराधै हुन भन्दै युधिष्ठर नरो, कुञ्जरो, डाँकु कार्लबेसम्यानले खाएको साइनाइड विषले सत्यता बचाएको कुरा व्यक्त एकै भएको कुरा गर्दछन् । एकातिर सूर्यास्तको भ्रम फैलाई जय दूध, महादेव, अर्जुनको जीवन रक्षा गर्नु र सुग्रीवको जीवनका लागी बालीको हत्या गर्नु के अपराध होइन ? जलियानवाल वागकाण्ड मचाउने सरकार र जंगबहादुरको कोत पर्व तथा हिटलर र इखम्यानको हत्यारा स्वभाव भित्र आफ्नो जीवनको निमित्त अरुको जीवन समाप्त पार्ने दृष्टानतका रूपमा लिन सकिन्छ । रोजेनबर्ग दम्पतीको हत्या इशालाई शुली चढाउनु आदि अपराध नै हुन् भन्दै ती अपराध नै क्लेलाई सजाय दिने झन ठुलो अपराधि हुन्, अपराध त हामी भित्र लुकेर बसेको छ ।

आत्महत्या सँगसगै फाँसीका कुरा गर्दै निबन्धकार शुक्रराज शास्त्री सुकरात,रोजेन वर्म दम्पतिको निर्दोष हुदाँ हुदैपनि फाँसी दिइयो । अपराध पनि व्यक्ति समुदाय र परिस्थितिले निधारण गरेको हुन्छ भन्दछन् । आत्महत्या गर्ने मान्छेले साहसै गरेर कम्तीमा एक पटक मर्छ भने बाँचने मान्छेले पटकपटक आफूलाई मारेर बाँच्ने प्रयत्न गर्छ । हामीलाई भन्न डर छ त्यसैले मरिरहेका छौ । हामीलाई बाँच्ने मन छ त्यसैले आत्महत्या गरिरहेका छौ । दैनिक जीवनमा यावत प्रश्नहरूसँग हामी आफूलाई समर्पण गरेर मात्र बाँचिरहेका छौ भन्दै निबन्धकार विसंगत पक्षको उजागर गर्दछन् ।

हाम्रो इज्जत प्रतिष्ठा सम्मान वर्तमान, भूत र भविष्यको लागि सबैले आत्महत्या गरिरहेका छन् । त्यसैले आत्महत्या हामी सवै भित्र रहेको छ । कोही देह आत्महत्या गरी भूत हुन्छन् त कोही देह बाहेक अरु थोक सम्पूर्ण मानिसहरुको आत्महत्यागरी नक्कली बाचेको स्वाङपर्दछन् ।

### ४.४.२ विचार /उद्देश्य

प्रस्तुत आत्महत्याको अंगालोमा निबन्धकार कृष्णचन्द्रसिंह प्रधानको उत्कृष्ट निजात्मक विचारधाराको निबन्ध हो । यसले जीवनको मृत्युको विसङ्गत पक्षलाई खोतल्ने प्रयत्न सफल भएको छ । हामी न आफ्नो इच्छाले जन्मिछौँ न आफू खुशी मर्न पाउँछौँ भन्ने विसंगतवादी तथा अस्तित्ववादी विचार धाराको छनक पाइन्छ । यहाँ केही अस्तित्वका लागि

आत्महत्या गर्दछन् भने केही बाँच्नका लागि गरिरहेका छन् भन्दै निबन्धकार कष्टकर जीवन र पिडादायी मृत्यु बोधलाई आत्मसाथ प्रस्तुत गर्दछन् ।

'आत्महत्याको अंगालोमा' कृणचन्द्रसिह प्रधानद्वारा लिखित विचारप्रधान निबन्ध हो । मानविय संवेग मृत्युको परिचय दिदै यसका कारक र प्रभावका माध्यमबाट वर्तमान नेपाली समाजका साथै समसामयिक विश्व परिस्थितीको यथार्थको बोध गराउनु यस निबन्धको उद्देश्य रहेको छ । अपराध मानविय हिस्रक प्रकृति हो । यो अपराध वा आत्महत्या अदृश्यमा अव्यक्त हुन्छ किनभने मान्छेको आत्म भित्र लुकेर बसेको हुन्छ भन्ने कुरालाई झल्काउन खोजेको छन् । मृत्यु शासत्व सत्य हो । मानव जीवन अन्त्य मृत्युमा गएर हुन्छ । वर्तमान समयमा मानिस बाँचेको जस्तो अनुभूती गर्न सकेको छैन । भयभित भई बाँच्नु पर्ने यस समयको मानिसको निरर्थक बनिरहेको भाव व्यक्त यस निबन्धमा गरिएको छ ।यस निबन्धमा अपराधलाई हेर्ने हो भने नेपालमा कोतपर्व घटनुमा जंगबहादुरमा रहेको अशिक्षा र त्यसले ल्याएको शुरोपन हो भन्ने निबन्धकारको विचार रहेको छ । इतिहासका कतिपय यस्ता घटनाहरू छन् जसले मानिसलाई वर्तमानमा पनि तर्साइरहन्छ । नेपालमा पनि आफ्नो स्वार्थको लागी जंगबहादुर जस्ता अपराधीले कोतपर्व जस्तो घटना घटाएर मानिसहरू भयभित भएको कुरालाई दर्शाउन सफल भएका छन् । महाभारत र क्रुरे्ड जस्ता एशिया र यूरोपका धर्म युद्धले पनि यहि अपराधको कुरालाई पुष्टि गर्दछ । मानिसहरू सकारात्मक कुरो भन्दा नकरात्मक कुराको बढी सिको गर्दछन् ।महाभारत युद्धबाट पाठ सिके मानिसले आफ्नो स्वार्थको लागी अपराध त्यग्नु पर्ने कुरामा जोड दिएका छन् ।

निबन्धकार भन्दछन् एकातिर बाँच्नु नै पाप र अपराध हो भन्ने ठम्याई राख्दछन् भने अर्को तिर बाँच्न नसकिने बाध्यात्मक जीवनको भोगाईलाई प्रस्तुत गर्दछन् । यस निबन्धबाट विशेषतः मानिसको जीवन हरपल मृत्युको सामुन्ने झुकेर बाँचिरहनु पर्ने विवश र निरही छ भन्ने कुरालाई प्रस्तुत गर्दछन् । आत्महत्या गर्नुलाई साँचो अर्थमा पलायन र कायरता नभई जीवन अनेक हत्याबाट आर्जित अनेकौ पलको मृत्युबाट थकित मानविय जीवनको साहसिक अन्तिम निर्णय हो । आत्महत्या गर्नु पर्ने परिस्थितीको विश्लेषण गर्न निबन्धकारको मूल उद्देश्य देखिन्छ । आत्महत्या र अपराध गर्नु मानिसले यर्थार्थलाई अंगाल्न नसक्नु हो सत्यलाई चिन्न नसक्नु र सत्यकुरा बोल्न नसक्नेले सुन्दर भविष्यको निमार्ण गर्न सक्दैन भन्ने निबन्धकारको निजात्मक तथा वैचारिक विचारको अभिव्यक्ति यस निबन्धको कथ्य विषय बनेको छ ।

### ४.४.३ प्रस्तुती / भाषाशैली

प्रस्तुत निबन्ध कृष्णचन्द्रसिहको वैचारिक तथा निजात्मधक निबन्ध हो ।यस निबन्धमा निबन्धकारले आफ्ना अनुभुतीको विचार अभिव्यक्ति गरेका छन् । प्रस्तुत निबन्धमा निबन्धकार प्रधानले आफुले पाएको ऐतिहासिक ज्ञान र जीवनका अनुभवलाई प्रकट गरेका छन् । विश्व समुदायको यथार्थता को पौराणिक घटना ऐतिहासिक घटना समसामयिक विश्वपरिस्थिती नेपाली समाजमा विकृति र विसङ्गतिको सर्वेक्षणलाई समेत निबन्धकारले समेटेका छन् । पाप गर्नेहरूले मानव समाजलाई भयभित तथा सन्त्रासपूर्ण वातावरण फैलिएको मानिसको जीवनलाई कष्टकर वनाएको कुरा व्यक्त गर्नु भाषिक शैलीगत विशेषता हो ।

निबन्धकार कृष्णचन्द्र सिह प्रधानको मृत्यु र जीवनबोधको विकिर्ण चिन्तनको अभिव्यक्ति हो ।यस निबन्धबाट आत्महत्या जस्तो विसंगतिपूर्ण मानविय निर्णयको उत्खनन गर्ने प्रयास गरिएका छन् । आफ्ना विचारका प्रस्तुतीका कारण तटस्थ रहेर गर्ने प्रयास गरेका छन् । काठमाडौंको रानी पोखरीमा हुने गरेका आत्महत्याका घटनाबाट सुरु गर्दै मानविय जीवनका यथावत पक्षहरूमा बाँच्नेहरूले बाँच्नकै लागी पटक पटक आत्महत्या गर्नु पर्ने विडम्वनापूर्ण परिस्थितिको गहिराईलाई समेत निबन्धमा कुशलतापूर्वक समेटेर प्रस्तुत गर्न सक्नु निबन्धको शैली शिल्पगत विशेषता हो ।

केही व्यङ्ग्य र कही वैचारिक देखिने प्रस्तुत निबन्धको शैलीगत विशेषता हो । चेतनमनबाट अवचेतन मन उपरको विश्लेषणत्मक प्रस्तुतीको रूपमा पनि यस निबन्धलाई लिन सकिन्छ । आत्महत्या गर्नु पर्ने बाध्यता आत्महत्या गराउने परिस्थिती, अपराध र मानव जीवन,आत्महत्या र मृत्ये विचमा समान्ता र विषमतालाई विविध उदाहरण र घटनाहरू उल्लेख नयाँ रूपले जीवनबोधको अभिव्यक्ति दिन निबन्धकार को निजी विशेषता हो ।

## ४.५ 'लिङ्गपुराणदेखि लिङ्गसाहित्यसम्म' निबन्धको विवेचना

### ४.५.१ विषयवस्तु

'लिङ्ग पुराणदेखि लिङ्ग साहित्यसम्म निबन्धकार कृष्णचन्द्रसिह प्रधानले यस निबन्धमा यौनविज्ञान, यौन व्यबहार,यौन साहित्य आदि देखि आजसम्मको वृत्तान्त हो । लिङ्गलाई व्याकरण र व्याबहार दुवैले फरक पारेपनि समग्रमा लिङ्गको ग्रहण कुरा र वास्तविक अर्थले सिर्जित सृष्टि नयाँ सिर्जनामा उल्लेखनिय भूमिका छ । निबन्धकार प्राचिन ऋषि मुनी

माध्यकि कालिन कवि र आधुनिक कथाकारबाट यौन जीवनको महत्व र यस प्रतिको चेतनालाई अभिव्यक्ति दिन्छन् ।

लिङ्ग व्याकरणमा पनि छ । यसले हर बस्तुलाई एउटा लिङ्ग भन्दछ, पुलिङ्ग, स्त्रीलिङ्ग, उभएलिङ्ग र नपुसकलिङ्ग आदि । तर व्याकरण भन्दा भिन्नै लिङ्ग पनि जाहाँ कच र देवयानी बिच छ, सरस्वती र ब्रम्हाबिच, परासर र सत्यवती वीच त्यसै गरि फ्लोरिना द्धीपकी र वैरनेस इलोइचामा बिच भयो । लिङ्ग सम्बन्धीको इतिहास नयाँ र नौलो होइन । मानिसको इतिहाससँगै जोडिएर आएको छ । त्यसैले त लिङ्गपुराण नै लेख्न भ्याए महा ऋषि वेदव्यास पनि । अरु जे जस्तो र जे सुकै पनि आदिम सत्य भनेको लिङ्ग हो लिङ्ग अस्तित्व हो । निबन्धकारको भाषामा लिङ्ग सृष्टि हो । लिङ्ग सम्यता हो ।

सृष्टि अन्धारकार र कुपबाट भएको हो । चाहे अरू जो पनि अन्धाकारबाट उज्जालोमा जन्म भएको हो र हाम्रो जन्म पनि त्यही अन्धकारबाट भएकोले र लिङ्गको विकास सभ्यतासँगसँगै भएको देखिन्छ । त्यसैले त सामाजिक र धार्मिक रूपले लिङ्गको आदर हुन गयो भन्दा खेरी संकोच र लाजमाने पनि अश्लीलताको विल्ला भिरायपनि धर्म, कला, साहित्यसँगसगै मानव जीवनको अभिन्न अङ्गको रूपमा लिङ्गको पुजा किन गर्थ,नत्रभने देवलहरूमा प्रशस्त लिङ्ग सम्बन्धी चित्रहरू किन कोरिन्थे । जस्तै : रोम, काठमाडौं, भारतको खजुरा कोर्णाक र भुवनश्वर जस्ता ठाउँहरुमा पनि लिङ्गका अनेक चित्र छन् ।धेरैले नाक खुम्च्याछन् शर्माए झै गर्दछन् तर वास्तविकतामा नर्कान सक्दैनन किनकी त्यो जति सत्य अरु छदैछैन ।

लिङ्ग साहित्य लिङ्गपुराणको नयाँ जीवन हो । मार्क्सका क्यापिटल, रुसोको सोसल कन्टयाक्ट शेक्सपियरका चर्चीत कृती सँग सँगै उनीहरू बिलाउन सक्छन् । तर न वात्सययान मर्छन न उनको साहित्य नै मर्छ, किनकी जती यसमा वर्जना छ उति यस प्रतिको झुकाव झन बढ्ढो छ । सिग्मण्ड फ्रायडले पनि यसलाई जीवनसँग जोड्ने र हेर्ने दृष्टि कोणको विकास गरे ।

हेरी वेचर स्टोपको रचना ग्रेप्स अफ राध म्याक्सिम गोर्कीको ‘आमा’ मरे तर कुशबाहकान्त, लोलित नत वात्यसयायन र फ्रायड नै मर्छन । उनीहरू झन्झन् तन्नेरी भइरहेका छन् । कामसिद्धान्त र कामसाहित्यसँगसँगै सम्पूर्ण सृष्टि चलिरहेको छ । यस बाहिर न मछु न ऊ छ न हामी नै छौ भन्दछन् । सेक्स अथार्थ काम जीवन पनि होइन तृप्ति पनि होइन तर यो विना न जीवन छ न सृष्टि विश्वभित्र इन्द्र यही काममा झुकेका छन् । हाम्रा

साहित्य संगीत कला यसैको मूल ग्रह्यबाट अभिप्रेरित छन् त्यसैले त लिङ्ग पुराण पनि लेखियो । यस सम्वन्धी लेखरचना फ्रयाडको पालादेखि नभै प्रचिनकालदेखि लेखिदै आएको छ । लिङ्गपुराण वात्स्यायन, कालिदास, फ्रायड आदि हुँदै नेपाली साहित्यको माध्यामिक कालले यसको भरपुर विकास पनि गऱ्यो भानुभक्तको 'यति दिन पछि बालाजु देख्यौ' त्यस्तै शिखरनाथको 'सृङ्गार दर्पण' बाट यसमा मलजल थपेर हलक्क बढाउने काम भयो ।यो क्रममा विरेन्द्र केशरी अर्याल, दिपकेश्वर लोहनी, राजीवनलोचन जोशी, राधानाथ लोहनी लक्ष्मीदत्त पन्त, केशवनाथ पौडेल, कृष्णप्रसाद रेग्मी, पुन्यनाथ लोहनी आदि कविहरूको काव्यको मुल नै काम थियो लिङ्ग शक्ति रसरबत्ती, नितामि्वनीको पुजा लेखनाथले समेत लेख्न भ्याए ।यसरी माध्यमकालीन सृङ्गारिक साहित्यको अवसान भएपनि लिङ्ग साहित्य निरन्तर लेखिनै रहयो । आधुनिक कालको चौतारीमा बस्ने तन्नेरी विजयमल्लको 'कालो चश्मा' रमेश विकलको 'मेरी कान्छी माइज्यू' सँगसँगै दौलत विक्रम विष्टको 'एक साँझ' लिङग साहित्यका निरन्तर कृतिहरू हुन् ।

### ४.५.२ विचार/उद्देश्य

लिङ्गपुराणदेखि लिङ्ग साहित्य सम्म, निबन्धबाट निबन्धकारले यौन जीवनका लागि कति महत्वपूर्ण छ र कसले यौनका बारेमा के कति लेखछन् भन्ने कुरालाई बर्णनात्मक शैलीमा अभिव्यक्ति गरेका छन् । मानव जीवनमा यौनको महत्व के कति रहेको छ भन्ने कुरालाई निबन्धकारले आफ्नो विचार राखेका छन् । लिङ्ग एउटा सृष्टि कर्ता हो जसले जीवन जगतलाई अन्धाकारबाट उज्यालो तर्फ लैजाने गर्दछ । तर लिङ्गलाई व्याकरण का दृष्टिले हेर्दा यो एउटा जीवन हो, भन्ने कुरालाई निबन्धकारले पुष्टि गर्ने जमर्को गरेका छन् । एकातिर लाजको वस्तु भने पनि अर्कोतिर संसारको सृष्टि नै यहि नै हो भन्दै निबन्धकार यस बारेमा खुलाबहसको महत्वलाई जोडिदिन्छन् । यदि लिङ्गलाई लाजको अर्थमा लिने हो भने किन विभिन्न देशका मन्दिरहरूमा लिङ्गको चित्रहरू कुँदिएका छन् त भन्ने विचार निबन्धकारको रहेको छ ।त्यसैगरी मानिसहरूले आफ्नो अस्तित्वको लागी मन्दिरमा गएर लिङ्गको पुजा गर्दछन् । त्यसैले लिङ्ग एक सृष्टि गर्ने शक्ति हो भन्ने भनाई निबन्धकारको रहेको छ । प्रधान भन्दछन् कुनै पनि जीव यौनदेखि टाढाँ रहन सक्दैन । त्यसैले यसलाई मानिसले आदिम काल देखी मानब सभ्यताको विकाससँगै जोडिएर भएको छ भन्ने धारणा निबन्धकारको रहेको छ । निबन्धकार कृष्णचन्द्रसिह प्रधान यस लिङ्गपुराणदेखि लिङ्ग

साहित्यसम्म लिङ्गसाहित्यको चरम उत्कर्ष केही कविता प्रस्तुत गर्दै साहित्यमा काम वासना प्रतिको धारणालाई प्रष्ट पर्दछन् । मान्छेलाई गास, बास कपासको पछिको चौथो आवश्यकता भनेर परिभाषित गर्ने फ्रायड, काम सुत्रका लेखक वात्स्यायन लिङ्गपुराण रचनाकार आदि जो भएपनि उनीहरूको मानविय आवश्यकतालाई प्रस्तुत गरेका छन्  भन्दछन्- निबन्धकार । मानिसहरू आउँछन् जान्छन् महापुरुष जन्मन्छन् मर्छन नत लिङग पुजा गर्छ नत काम साहित्य काम विचार  र काम बासना नै मर्छ । यो त सृष्टिसँगसँगै मानव सभ्यताको लागि अणुभण भई आइरहेको छ । त्यसैले त यसको यति धेरै महत्व छ । यसका आआफ्नै देशकाल परिस्थिती अनुरूप सीमा र बन्धन भएपनि यो बर्जित चाहि छैन । यहि नै सृष्टिको मूल भएकोले यसका निम्ति साहित्य पनि लेखिएका छन् भन्ने कुरा दर्शाउनु नै लेखक मूल उद्देश्य हो ।

### ४.५.३ प्रस्तुती/ भाषाशैली

निबन्धकार कृष्णचन्द्रसिंह प्रधानले ‘लिङ्गपुरणदेखि लिङ्गसाहित्यसम्म’ निबन्धको रचनाको विशिष्ट विचार बोकी बर्णानत्मक शैलीमा लेखिएको छ । आवश्यकता पर्दा कवि र गाद्याशका उद्धरण गरी चोटिलो पाराले प्रस्तुत गरिएको निबन्ध, विशेष गरि लिङ्ग सम्बन्धीको इतिहास र महत्व दर्शाउन लेखीएको छ । मान्छे अन्धाकारबाट जन्म हुन्छ,मान्छे चाहेर न जन्म हुन्छ र न चाहेर नै मर्न सकछ । यो त एउटा सृष्टिको चक्र हो भन्ने कुरालाई यो निबन्धमा निबन्धकार प्रस्तुत गर्न सफल भएका छन् । सृष्टि नै आदिम समय देखि वा मानवको विकाससँगै हुँदै आएको हो भन्ने कुरालाई पनि देखाएका छन् । त्यसैले यो निबन्धमा फ्रयाडदेखि सुरुभएको लिङ्ग साहित्य अहिलेसम्म पनि अछुतो रहेको छैन भन्ने कुरालाई व्यक्त गरेका छन् ।

नेपाली साहित्यमा पनि माध्यामिक कालमा देखापरेका लिङ्ग साहित्य कविता र यौन कथाका सारले निबन्धलाई बढी रोचक पठनीय र आहाल्दकारी बनाएको छ ।अश्लील झै लागेपनि कामका कुरा वास्तविक र सत्यका नजिक छन् भन्ने कुरा दर्शाउन निबन्धकारले विविध शव्दका जालपनि बुनेका छन् । प्रचिनकालमा लेखिएको ‘लिङ्गपुराण देखि वर्तमान सम्म लेखिएका लिङ्ग साहित्यको छोटो विश्लेषणबाट लिङ्गको महत्व सदासर्वदा रहेकोले यसले सत्य कुरालाई समेटेको छ । सर्वमान्य निबन्धकारले यस निबन्धमा मिठो भाषाशैली प्रयोग गर्न सफल भएकाछन् ।

## ४.६ 'भ्यागुतोलाई फासी र मुसालाई आजन्म कैद' निबन्धको विवेचना

### ४.६.१ विषयवस्तु

"भ्यागुतोलाई फाँसी र मुसालाई आजीवन कैद" निबन्ध निबन्धकार कृष्णचन्द्रसिंह प्रधानको निजात्मक वैचारिक निबन्ध हो । अस्तित्व बोधबाट प्रेरित निबन्धले भक्तपुरको दरवारका भित्ता चित्रित भ्यागुतो र मुसाको प्रतिकद्वारा मानव जीवनको विसंगत पक्षहरू उद्घाटन गरेका छन् ।

भक्तपुरको दरबार आफैमा एक इतिहास हो । इतिहास सुन्यताको संसार हो । निबन्धकारलाई यहि सुन्यता भल्न मन लाग्छ । सहरको अस्वस्थ दौड भीड भाड र हुलमुलबाट टाढा इतिहासका गर्भमा लुकिसकेका पात्रहरू विच हराउन उनलाई मन पर्छ, दरबार जहाँ राजा बस्थे जहाँ भित्ताहरूमा अझैपनि इतिहास बोल्छन् भ्यागुतोले हात्तीलाई निलेको र मुसाले विरालो लखेटेको दृष्य हेरेर उनीहरू भित्र कता कता बैयरित्व विचारको प्रस्पुटन हुन्छ ।

संसारलाई हेर्ने दृष्टिकोण जे छ त्यो भन्दा बढी चित्र र मानिस, चित्र र सजिव एकाकार हुन्छन् भन्दै निबन्धकार चित्र जती चिरायु,चित्र जती आर्कर्षण सुन्दर छ त्यती हामी हुन नसकेको कुरा गर्दछन् । मोनालिसाको चित्रको प्रख्यातिको कुरा गर्दै ज्यूँदा मान्छेको भन्दा चित्र नै महङ्गा र भाउदार छन् भन्दछन् । चित्र र आफूमा धरै फरक छ भन्ने भ्रम हामीभित्र छ तर त्यो खोक्रो हो । हामीलाई हिडाउने बोल्न लगाउन पनि अर्को चाहिने भन्दै चित्र सँग धेरै समान छौ पनि भन्दछन् । सपनासँग चित्रको भाव मिल्छ । कसै-कसैका स्वाप्न छालाहरू तरङ्गित भएर नै ती भित्ताहरू चित्र भएका छन् । यी सजीव हरू हुन् कसरी निबन्धकारलाई लैजान्छ ती चित्रका भयानक दृष्यहरूमा उनको चेतन मन अचेतन मनको खाल्डो भित्र फन फन घुमिरहन्छ ।हाम्रा सोच रहर र दुनियाका हामी निर्दयी वुटहरूले विभिन्न वहानामा कुल्चिन्छन् ।त्यही कुल्चिएका सपनाहरूको संसार हो भक्तपुरको दरवार । उसले देखेभोगेका सपनाहरूबाट सजाएका भित्ताहरू कति भयानक छन् कति डर लाग्दछन् तर त्यसभित्र उसको आन्तरिक जीवन अभिव्यक्त छ भन्दछन् । तिनै चित्रहरूलाई कसैले कलियुग भने कसैले दुःखको जीत सम्झे र निबन्धकारले चित्रकारको स्वप्न र दुनियाँविचको अभिव्यक्तिको मझौलाधार हो भन्दछन् ।

कलियुग आफैमा उल्का हो । चित्र भन्दा पनि भयानक दृष्टिहरू दिनदिनै सडकको चोक गल्लीहरूमा अपराध अन्याय र पाप अधर्म भइरहेको छ । मुसा र भ्यागुता हुन् । जिउदा मुसा भ्यागुताले केही नगरेर पनि स्वप्न भङ्ग गर्ने, मुसा र भ्यागुता अत्यन्तै डर लाग्दा छन् । उनीहरू शक्ति सम्पन्न हुदै गइरहेका र मानब निर्वल हुदै गइरहेकाछन् । विरालो लखेछ्ने मुसा र रजाँइ गर्ने भ्यागुतोको जमानामा बनेका चित्रले हाल पनि अभिव्यक्त गरिरहेका छन् भन्दछन् निबन्धकार विपरितार्थ संकेतद्वारा ।

विकीर्ण चिन्तनको रूपमा भ्यागुतो मुसा र कलाकारको जीवन दोखापर्छ र विस्तारै दृष्य धमिलको जीवन देखापर्छ र विस्तारै दृष्य धमिलो हुदै भ्यागुतो ले फाँसी पाउछ र मुसा आजन्म कैद मा छ ती भित्ताका रङ्गीन पृष्ठहरूमा ।

### ४.६.२ विचार /उद्देश्य

'भ्यागुतेलाई फाँसी र मुसालाई आजन्म कैद' भन्ने निबन्धमा निबन्धकार रचनाशिल कल्पनाशिल हुनुको साथै अतिस्त्वबोधले गम्भीर बनेका छन् ।चित्र का मुसा र भ्यागुता भन्दा पनि निर्जीव र जीवन प्रति व्यङ्गगदै निबन्धकार हामीलेबाँची रहेका युग भ्यागुतालाई फाँसी र मुसालाई आजन्म कैद गरेका चित्रमा रुमलिरहेका छ भन्ने कुरा अभिव्यक्त गर्दछन् ।

इतिहास घटनाको उही रूपमा पुनरावृत्ति हुदैन तर ऐतिहासिक घटना र तिनका पात्रका प्रवृतिहरूको निरन्तर कायमै रहन्छ । वैयक्ति स्वार्थ सत्तालिप्सा र उच्च महत्वाकाङ्क्षाको कारण इतिहासका घटनाहरू फरक नाम रूप र रङगमा पुनरावृति भइरहन्छन् र यिनले मानिसलाई तर्साइरहन्छन् । द्वन्द्व मानब विकासको एक निरन्तर प्रक्रिया हो ।यसमा जित्नेले हार्दछन् र हार्नेको जीत हुन्छ अर्थात हार्नेले हारेपनि हार खादैनन भन्दै निबन्धकारले ती भित्तोमा कोरिएका चित्रहरूसँग मान्छेको जीवनलाई तुलना गरेर आफ्नो विचारलाई अगाडि सारेका छन् ।

सन्दर्भ भक्तपुर दरबारको । निबन्धकार भक्तपुरका दरवारका चित्ताहरू निहाल्दै जाँदा तिनै भित्तामा आँकित चित्रमार्फत मानिसको अस्तित्व जीवनबोध गराउनु उनको उद्देश्य रहेको छ । भित्ताका चित्रभन्दा पनि लाटो वर्तमान जीवन प्रति उनको रोष प्रकटभएको छ । हामी मान्छे पनि चित्र भन्दा पनि कम मूर्तिवत छैनौ भन्दै यस युगमा बोल्न पनि नसक्ने आफ्नो अस्तित्वलाई पछाडि पारेका छौ । आजको समयमा जुन ती चित्रहरूले जुन संकेत

गरेका छन् त्यो सम्म पनि हामी छैनौ ।वर्तमान समयको भयले गर्दा बोल्न पनि अर्को चाहिने हिडन पनि अर्को चाहिने हाम्रो परनिर्भरता प्रति उनको ओजपूर्ण अभिव्यक्त भएको छ ।

कलियुग भनेको पाप अधर्म र अन्याय नै त हाला भन्दै दरवारका चित्रमा अंकित धेरै आश्चर्य र डरलाग्दा दष्यहरूलाई कलियुग भन्नुभन्दा मानवले शान्ति र स्वतन्त्रतापुर्वक बाँच्न पाउनु पर्ने विचारलाई यस निबन्धमा व्यक्त गरिएको छ । मानिस स्वतन्त्रातापे्रमी प्राणी हो । ऊ उन्मुक्त र स्वतन्त्र भएर बाँच्न चाािहन्छ ऊ मनमा लागेका विचारहरूलाई विना अवरोध अभिव्यक्त गर्न चाहन्छ भन्दै निबन्धकार वाक स्वतन्त्रता तथा वाकस्वतन्त्रता हुनु पर्ने धारणा व्यक्त गर्दछन् । हाम्रा ज्ञानेन्द्रिय र कर्मेन्धीय आफ्ना लागी भन्दा बढी अरुका लागी उपयोग गर्नु परेको तितो अनुभूतीको अभिव्यक्ति यस निबन्धमा भएको छ । प्रस्तुत निबन्धमा आँखा भएर पनि समाजका व्यथितिहरूलाई देख्न र चिन्न नसकेको मुख भएर पनि बोल्न नसकेको अरुको दृष्टिकोण र अरुबाट व्यक्त विचारलाई शिरोधार्य गरी ठुलावडाको हित, जित र प्रशंसा गर्नु जीवन अर्पिन पर्ने बाध्यात्मक सामाजिक अवस्था प्रति व्याङयात्मक स्वर सुसेलीको छ । राष्ट्र विनाको राष्ट्रियता सिर्जना विनाको सृष्टि चेतना भोको पेट बन्धकी स्वतन्त्रता पनि गर्व गर्नु पर्ने विवश र निरर्थक जीवन भोगाईका विसङ्गत स्वर अभिव्यक्ति रहेको छ । प्रधान हामीले र भोगेका यथार्थ जीवनभन्दा बढी भयानक दुर्घटनापूर्ण भएकोले दरवारका चित्रले यो युग कलि युग नै भएको जोड उनको रहेको छ ।

### ४.६.३ प्रस्तुति/शैली

'भ्यागुतोलाई फँसी र मुसालाई अजन्म कैद' निबन्ध निबन्धकार कृष्णचन्द्रसिह प्रधानको उत्कृष्ट अस्तित्ववोधत्मक निबन्ध हो । उनका निजी विचारले सिगाँरिएको अभिव्यक्तिगत कलाले पूर्ण निबन्ध हो । विचारमूलक वाक्यहरूबाट निबन्धको थालनी गरिएको यस निबन्धमा मानवको अस्तित्वको बोधगम्य गराउनुका साथै यस निबन्धमा मानव सभ्यताको इतिहास मोड र ती मोडहरूमा चर्चित बनेका व्यक्तिहरूका कार्यको चित्रण गरिएको छ । त्यसैगरी हार्दिकता तार्किकता यस निबन्धका थप उपलव्धी हुन ।यस निबन्धमा अन्याय अत्याचार मानवसभ्यताका ध्वंङ्शात्मक मोडभन्दा सिर्जनशील पक्षको पर्यपक्षलाई प्राथमिकता दिएको छ । त्यसैले यसको भाषाशैलमिा सौम्य शान्त भावको अनुकूल हुने खालको भाषिक प्रयोग पाइन्छ । खासगरी सिर्जनात्मक ऐतिहासिक सर्वेक्षणका सन्दर्भमा मानव सभ्यतालाई समुन्नत बनाउन तथा सिर्जनात्मक घटना तथा कार्यको

उल्लेख गर्ने क्रममा यो निबन्ध बौद्धिक बन्न पुगेको छ । छोटो संरचना गत प्रस्तुति भित्र महत्वपूर्ण महान व्यक्तिहरूका योगदानको चर्चा गर्न सफल हुनु निबन्धकारको मौलिकता देखिन्छ । यस निबन्धमा प्रयोग भएको भाषाशैली सुन्दर मिठो र आलङ्कारिक पूर्ण छ । व्यञ्जनाको राम्रो प्रयोग भएको यस निबन्धको ऐतिहासिक पक्षको उद्घाटन गर्ने क्रममा जीवनबोधको चेतना सहजतापूर्वक पाठक सामु प्रश्नका रूपमा राखेको छ । भ्यागुतो र मुसा जो दरबारका भित्तामा अंकित छन् । उनीहरुको कथा व्यक्त गर्न मूल कथ्य विषय बनाएर त्यस मार्फत हाम्रो जीवन हाम्रा आकांक्षा पूरा नभएको कुरालाई सफलतापूर्वकको व्यक्त गर्न सकेकोले शीर्षक सार्थक दृष्टि भएको छ ।

## ४.७ 'टाइटफिट- किरमिर रेखाको ड्याश' निबन्धको विवेचना

### ४.७.१ विषयवस्तु

'टाइटफिट- किरमिर रेखाको ड्याश' निबन्धकार कृष्णचन्द्रसिंह प्रधानको जीवनको अस्तित्वबोध प्रति सचेत निजी विचारले ओतप्रोत भएको निबन्ध हो ।यस निबन्धमार्फत मानवीय जीवनको सचित्र वर्णन गर्ने प्रयास गरेका छन् । हाम्रो यो शरीर जुनसुकै खोलहालेपनि ठिकहुन्,खोल अनुसार शरीर तन्कने फुक्ने खुम्चिने यसको लचकता अन्तहिन क्रम जस्तो छ । यो जीउ तकिया बन्छ,चकटी बन्छ,जुनसुकै रङ्गलगाउ सोही रङ्ग बन्छ । पाउनी जस्तै न निश्चित आकार र न निश्चित रङ्ग छ यसको अर्थ व्यञ्जना जीवनको यो गोीत्रे सल्ला जस्तो फुक्छ खुम्चन्छ खुम्चिन्छ र फुकिन्छ यो शरीर यसको तन फुक्नु र खुम्चिनु सँग सँगै फिट भइदिन्छ । टाइट पनि फिट लुज पनि फिट परिवर्तनशिलता समयको नियम हो । त्योसँगै हाम्रो आनीबानी फेरिन्छ,हाम्रा शरीरका अव्यवहरूपनि लुज सँगै लुज भइदिन्छन् भने टाइट सँग टाइट भइदिन्छन् भन्ने कुरा निबन्धकारको रहेको छ ।

प्रधान भन्दछन् गतिशीलता नै जीवन हो संसार, सृष्टि र चक्र हो ।यदि स्थिर भइदिने भएको भए कति भय लाग्दो हुँदो हो जीवन । एक दिन पृथ्वी स्थिर भएमा के हुन्छ ? निबन्धकारलाई आफैँले आफुमा देखेको स्थिरताले दुःख भइदिन्छ । पिडादायी स्थिरताले चिमोटिरहन्छ । टाइफिट, टाइटफिट बाहेक अरु केही हो -एक आयामिक खोल, एउटा राम्रो नक्सा, कविताको नौलो विम्व सम्पूर्ण यथार्थक सत्यको एक, सुन्दरता चित्राङ्कन एक अव्स्ट्रयाक्ट आर्ट । यसको कणकणमा नौलो आयम छ,नौलो आभाष छ, यो जति कसिदै जान्छ हामी आफुलाई पनि कस्दै जान्छौ । कस्दै जाँदा एउटा राम्रो मोडेल तयार हुन्छ, एक

दुई बहुला एक छाती, एक कम्मर दुई तिघ्रा र दुई पिडौलाको एउटा राम्रो नमुना, यसमा मुटु कलेजो र शरीरका अवयव पनि कसिदै जान्छन्, फिट हुदैजान्छन्,हाम्रो अस्तित्व यसरी नै टाइट छ ।चाहे हाम्रो समाज संस्कृति कला या हम्रा नियम कानुन नै किन नहुन सवै टाइट फिट छन् । टाइटेड सानो पुडको मानिस साँघुरो दौरा सुरुवाल अनि साना सालले भेट्न खोजेको साँघुरोलक्षमण रेखा । जताबाट हामी त्यही टाएटेड सानो साँघुरो होचो आयायमा साँघुरिदै गएको कुरा निबन्धकारले व्यक्त गर्दर्छन् ।

जीवनलाई अथ्याउने क्रममा निबन्धकारले रेखासँग तुलना गर्दछन् रेखालाई धर्को भन्छौ धर्कोमा बुट्टा बन्छ र अकार बन्छ नक्सा बन्छर चित्र बन्छ । हामी सवैको अस्तित्व त्यही धर्को हो । धर्को हाम्रो जीवन हो हाम्रो देश हो । यही किरामिर धर्को भित्र हाम्रो भविष्य हाम्रो अस्तित्व लुकेको छ । हातमा रेखा निधारमा रेखा, रेखैरेखा यो भौतिक शरीर हेर्दाहेर्दै निबन्धकारलाई रेखैरेखामा मात्र देखापर्छ वरीपरि

सोझो धर्को एक ड्याश एक हाइफेन,एक इन्टु,एक लास हो । यिनीहरूकै अव्यवस्थित समुहबाट किरमीर रेखा बन्छ किरमीर रेखा अर्थात अव्यवस्थित ड्याश धर्को हाइफेन इन्टु वा लास । यो किरमिर रेखा सोझो धर्को वा टाइफेन इन्टु वा लास । यो किरमिर रेखा सोझो धर्को वा टाइटेड ड्याश जो शरीरको शिरदेखि पाउँसम्म खिचिएको र लक्ष्मन रेखा झै अङ्गप्रत्यङ्गको चहल पहललाई टाइटेड गरि राखेको छ । जति सुकै टाइटेड गरी राखेको छ । जती सुकै टाइटेड भए पनि नदुख्ने,नविज्ने यो हुन्छ । किन किन जान्नुपर्ने जो चेतना त्यो चाहि मरिसक्यो वा नो माक इन्जेक्सन दिएर लाटो भइसक्यो भने कुराको जानकारी दिएका छन् ।

जीउको गहना पनि राइटफिट यस्ले त तोकेको छ कुरूप हुन । उच्छृङ्खल शरीरलाई टाइटेड खोलो हामी बाँधेकोले यो सुन्दर, सुरक्षित छ । शरीरका सवै अंगहरूलाई बाँधेका कारण यो एक डिजाइन बनेको छ । टाइटेड ड्याश अथवा किरमिर रेखाछन् यिनै रेखाहरूबाट जीवनबोध र भविष्य जन्ने प्रयास गदैछन् निबन्धकार ।

### ४.७.२ विचार/उद्देश्य

'टाइटफिट किरमिर रेखाको ड्याश निबन्धकार कृष्ण चन्द्रसिह प्रधानको विचार धारात्मक निबन्ध हो । यसनिबन्ध मार्फत निबन्धकार जीवनको असँगत अस्तित्वलाई किरमिर रेखा सँग तुलना गरि यसकोविसंगत पक्षको उदघाटन गर्दछन् ।वर्तमान युगजीवन

ज्यादै जटिल र सन्त्रासपूर्ण बन्दै गएको छ । मानव निर्मीत विभिन्न समस्याले मानव जीवन निरह वनेको छ । मानव राक्षसी प्रवितिले विकासको हिस्रक जस्ता भयभित सन्त्रास वनेको छ । मनिसको भिडमा मानिस आफुलाई एक्लो भएको महसुस गर्नुपर्ने अवस्थाले मानिसको जीवन ज्यादै साँघुरिएको छ । रेखाहरूबाट उनले मानिसको जीवन एक तुलना गरेका छन् मानिसको जीवन एक किसिमले कहिले पनि नचल्ने भएकोले यो रेखा जस्तै हो भन्ने विचार उनको रहेको छ । गतिशिल संसार र सृष्टि एकचक्र हो त्यसैले यो संसारलाई हेर्दा हरेक वस्तु पनि गतीशिल भइरहेछ । तर यदि स्थिर भएमा यो सृष्ट चल्न सक्दैन भन्दै निबन्धकारले रेखाद्वारा मानिसको जीवन पनि एक किसिमले चल्न सक्दैन किनभने यो पनि चक्र हो । विभिन्न आव्यवहरू मिलेर बनेको शरीर किरमिर रेखा जस्तै हो त्यसैले गर्दा मानिसको जीवन पनि ज्यादै साँघुरिदै गएको छ भन्दछन् निबन्धकार । वर्तमान परिस्थितीमा मानवीय जीवन यसत साँघुरिएको छ कि उसको इच्छा आकांक्षा र जीवनशैली टाइटफिट लुगा जस्तै छ जो राम्रो भन्दै सुहाएको भन्दै लगाउनु पर्छ । मनमा एउटा सोचेको हुन्छ तर परिस्थितिले गर्दा मान्छेको विपरित हुन्छ । हाम्रो जीवन विविध परिस्थितीको बन्धक भएर बाँचिरहेको ।हामी साँघुरिएको जीवन, समाज र देशका कुरालाई निबन्धकार यस निबन्धमार्फत देखाउन खोजेका छन् । हाम्रो शरीर हाम्रो विचार र हाम्रो अस्तित्वलाई किमिर रेखा सँग तुलना गर्दै यसको विडम्बनापूर्ण नियतिको उदघाटन गर्न खोजे झै देखिन्छ । छ भने झै छ तर सानो थोप्लो नगन्य थोप्लो अलिकति छेएमा भेटिन्छ हराउँछ त्यसरी नै हाम्रो जीवन हाम्रो बाँच्ने चाहाना पनि कसैको सानो छेद्र प्रयासबाट मेटिन्छ भन्ने कुरालाई यस निबन्ध मार्फत व्यक्त गरेका छन् ।

### ४.७.३ प्रस्तुति/भाषाशैली

प्रस्तुत निबन्ध टाइफिट किरमिर रेखाको ड्याश विचारधारात्मक शैलीमा रचिएकोमा निबन्ध हो । मान्छेको जीवनको अस्तित्व बोध को चेतनाबाट अभिप्रेरित भएर वर्तमानको मान्छेको जीवनलाई रेखाद्वारा प्रष्ट पार्न आफ्नो अभिव्यक्ति प्रस्तुत गरेका छन् । मान्छेले जस्तोसुकै प्रवृत्ति देखाएपनि आफ्नो जीवन एउटा साँघुरो घेरामा रहेर बाँच्नु परेको छ भन्ने कुरालाई व्यक्त गरेका छन् । वर्तमान समयमा आजको मान्छेले जुन आफ्नो चाहेको हो त्यो पुरा गर्न नसक्ने भन्न नसक्ने भने पनि अरुद्वारा भन्नलगाउने प्रवृत्तिले गर्दा जीवन कष्टकर बन्न गएको छ । जीवनलाई अथायाउने क्रममा निबन्धकारले रेखा सँग तुलना गर्दै भाषालाई

मिठो स्वर गुञ्जनाको प्रयोगबाट बढी साहित्यिक हुनुका साथै काव्यत्मक शैलीका कारण ललित्यमय बन्न पुगेको छ । यसको लेखन मौलिक आधारमा प्रथम पुरुषमा लेखिएको छ । म पात्रबाट सम्पूर्ण मानव जीवनको अस्तित्व निहाल्ने प्रयास भएको छ । यस निबन्ध अंग्रेजी शव्दको प्रयोग ले निबन्धको मिठास अझ सौन्दंर्य थपेको छ । ६ वटा अनुच्छेदमा लेखिएको यो निबन्ध शैली वर्णानात्मक र विचार प्रधान छ । निबन्धकार प्रथम पुरुष 'म' शव्दको प्रयोगबाट अधिकांश वाक्यहरू थालनी गरिएको यो निबन्ध रचना शैली विलकुलै विचारत्मक तथा बर्णनात्मक बन्न पुगेको छ । किरमिर रेखा सँग मानिसको जीवनलाई तुलनागर्दै त्यसको केन्द्रिय मर्मसँग सामञ्जस्य कायम गदै विषय बस्तुलाई डोऱ्याएको यस निबन्धमा पर्याप्त मात्रामा काव्यत्मक विश्लेषण पाइन्छ ।कविता जस्तो लेखन भाषा शैली ले गर्दा आलङकारी बन्न पुगेको छ । सरल सहज र बोधगम्य भाषाशैलीको प्रयोग प्रस्सत निबन्धको ठाँउ ठाँउ मा प्रश्नवाचक चिन्हको पनि प्रयोग भएको छ ।

## ४.८ 'कीला ठोकिएको जिन्दगीका केही पानहरू' निबन्धको विवेचना

### ४.८.१ विषयबस्तु

निबन्धकार कृष्णचन्द्रसिंह प्रधानको निबन्ध 'कीलामा ठोकिएको जिन्दगीका केही पानाहरू' अस्तित्ववादी चिन्हको उपजको रूपमा भटिन्छ । यस निबन्धमा आफु स्वयम मार्फत आम मानविय जीवनको विसङ्गत र बिम्बपूर्ण जीवनको रहस्योघाट्न गर्दछन् ।

कृष्णचन्द्र एउटा शिक्षक,एउटा लेखक र कम्युनिष्ट पार्टीको अहिलेको सदस्य विचार र बादमा भाषण गर्ने कृष्णचन्द्र फगत मास्टरमा रूपान्तरण भएको छ । विद्यार्थी होमवर्क टेबुल, मेच, कुर्सी, चक आदि स्कुलमा यथावत पक्षहरूको पछि पछि डौड्दा दोड्दा आफु लेखक भएको कुरा पनि विर्सोको छ । एकदिनसँगसँगै भेट हुन्छ । समले लेख्दै हुनुहुन्छ भन्ने प्रश्नले आफुलाई लज्जित तुल्याउछ र त्यसरी नै झारा टार्छ व्यथितको प्रश्नमा । लेखन त लेखिरहन्छ कहिले विद्यार्थीका फि चकको खर्च, हाजीरकापीको खरिद, तलब गएको ढ्वाङ फुक्छ र ऊ उपन्यास,महाकाव्य,खडकाव्य लेखिरहन्छन् तर यिनै वस्तुहरूलाई अलङ्कार, रस र ध्वनी समावेश गरेको छ ।

कृष्णचन्द्र लेखि टोपल्छ कहिलेकसो कि ऊ अझै छ भन्नलाइ् कि ऊ लेखक नै हो भन्ने कुरा जन्माउन जन्माउनलाई । उसलाई थाहा छ ऊ कुनै महान सम्य बन्न सक्दैन । ऊ लेखछ पत्रिकामा लेख पुस्तक समिक्षा ओखतीको विज्ञापन भोजनको निम्तो,नयाँ वर्षको

शुभकामना सितै लेखकीय स्वभावभित्र बाँचेको छ कृष्णचन्द्र आग्रह र अनुरोधमा लेख्छ । समयमा समयआग्रह समाजमाग व्यवस्थाहरूको अनुरोध यहि होइन रजीवनको अर्थ ?

हरेक आग्रहमा बढेको गाहकीपनामा दुईचार दिन जान्छन् र मरेका ती दिनहरू भविष्यप्रति अनास्था फैलाएर बाँच्नेहरू प्रति गिज्याइरहन्छन् वेदङगीलाई अनुरोध र आग्रहमा मरिरहेमा र जिइरहेकाहरूलाई कृष्णचन्द्र आग्रह र अनुरोधमा बाँचिरहेझै छ । हामी स्वयम विज्ञापित छौ । हामी स्वंयम केही हौइनौ । अर्कोले उचाल्छ, अर्कोले खसाल्छ हामी त्यही रुमलिरहेछौ । हाम्रो लेखकीयपन मरिसकेको छ र जीत बिचको आधार हो । लेखक अर्को हो वा होइन । स्वंयम् कृष्णचन्द्र लेखक होइनन लेखकलाई चिनाउने पनि अर्को चाहिन्छ माध्यम चाहिन्छ । यसै सर्न्दभमा निबन्धकार सिर्जनाका सम्पादक अमरध्वजको चिठ्ठीका हरफलाइ उदद्त्त गदै लेखकको स्वामित्व प्रति व्यग्रता व्यक्त गरेका छन् । यसमा शाधिन व्यङ्गयको प्रयोग मार्फत लेखकको सृजनाबाट नाम र दाम कमाउने प्रति व्यङ्ग कसेको छन् । कृष्ण चन्द्र स्वयंम्, आग्रह र अनुरोधद्वारा अमरध्वजको सास फेरेर बाँच्छ भने ऊ लेखक कसरी भयो । उसको लेखक मरिसक्यो । आफ्नो आफ्नो पन सव भुलेर सवलाई मारेर ऊ खुल्ला हिडिरहेको छ जो अपराधी हो । अपराध गरिरहेको छ । अपराध गर्नेहरू काँतर कमजोर बन्नु परेको कुराले निबन्धकार प्रस्टयार्दर्छन ।

अपराधको आफ्नै अनुहार भएको समाउन नसकेको तीखो व्यङ्गय कस्न पुग्छन ।विचारमा स्वत्व जे जुन भए पनि मार्नु अपराध हो । मार्नु नै अपराध हो । मार्नु नै अपराध भएकाले हो आत्माहत्यालाई पनि अपराध भनिएको होला । निबन्धकार चारैतर्फ आपराधै देख्छन् अपराधविनाको जीवन कोरा कल्पना जस्तो देखिन्छ । कृस्णचन्दका अनुहार भरि पनि अपराधका अपराध टाटादेखिन्छन् । यहाँ हरेकले बाँच्नलाई अपराध गरिरहेछ । अपराध र मानिस यथार्थ भईरके भन्दै अपराधिक परिस्थितिको सृजना प्रति अकै दुखेसो छ। मान्छे आफै अपराध नगरी परिस्थितिले उस्लाई अपराध गराउछ र सहन्छ ।

मृत्यु प्रतिको विचार राख्दै निबन्धकार देवकोटा, हृदयचन्द्र,पुष्कर मरेका नभई मुक्ति पाएको कुरा व्यक्त गर्दछस । सोक्रटिज नआउने धरती,गान्धी नफाट्ने समाज र विश्वास नबाँच्ने समाज हो भन्दछन्, केही पनि वाँच्न नसक्ने,रहन नसक्ने विषमता रहेको छ ।

जसरी जीवनसँगसगै धेरै विचार गाँसिएर आउँछन मृत्युसँग पनि ति टासिएर आउँछन् चाहे देवकोटा मरुन, भीमसेन थापा,मरुन उनीहरूको मृत्युमा सिगैं युग मरिरहेको हुन्छ सिङ्गो समाज मारिरहेको हुन्छ भन्दै मृत्यु समान नहुने तर्क राख्दछन् ।

कृष्णचन्द्र एकआम व्यक्ति, एक झण्डा एक जुलुस र एक तारा,एक अभाव, एक सँघर्ष र एक प्रयत्न हो । मृत्यु अघि मृत्यु भोग्नु पर्ने विडम्बता पूर्ण नियती प्रति प्रधानले सटिक उदाहरण प्रस्तुत गर्दै दोषतोवस्की उदाहरणलाई सापट लिदै लेख्छ ।

"चाहे मलाई फाँसी नदिइएको होस तर मेरो सिर्जनात्मक मस्तिष्क जो कलाको उच्चतर तहमा वाँच्दथ्यो,आत्माका उच्चतर मागहरूमा अभ्यस्त भइसकेको थियो,त्यसै दिन बधरूपलमा मेरो त्यो मस्तिष्क काटेर छुट्याइ सकिएको छ के मैले कलम उठाउन सकुँला र। " अर्थात आग्रह, अनुरोध र अनर्थमा बाँचेका कृष्णचन्द्र बाध्यतावश वाँचिरहेछ, आफनै लाहास वोकेर, घर पहाड  मनिसहरू र ताँती बिच । सारपूर्ण जीवानको अभावमा मानिस लास झै झोक्रिन्छ र उसको मृत्यु मरण अगाडि नै हुन्छ । कुनै सारपूर्ण जीवन भएको युग पुरुषको अभावमा सिङगै युग मर्छ। इतिहास मर्छ । केवल मृत्यु नै मृत्युको फोहर डङगुर बन्छ । हाम्रो देशमा रहेको १०४ बर्षे राणाकालीन परिवेशमा यस्तै भयो ।जन्मका हुर्कन नपाई प्रजातन्त्र मर्नुमा आफनो त्यस युगको दोष देख्दछन निबन्धकार ।

अफापको युगवाट उज्यलोको युगतिर सँक्रणमा रहेको अत्मासमर्पण, आत्माहत्या र आत्महत्या गर्नु नै देश द्रोह हो भन्ने ठम्याई छ । मृत्यु दुख पूर्ण छ भने अत्महत्य घिन लाग्दो छ ठुलाठुला यौरुष भएकाहरू आत्महत्या गरेरै मरेका कारण मृत्यु भन्दा आत्महत्य नै दुख दायिलाग्छ लेखकलाई । यसरी हेर्दा कृष्णचन्द्रको आत्महत्य स्वयम् कृष्णचन्दलाई दुख दिनुपर्ने तर छैन ऊ मऱ्यो उसको शरीरमा धर्तीमा सालिक झै खडा छ । सालिक मान्छेलाई देखेर हास्दै छ र भन्छ मैजस्ता ढुङ्गाहरू मेरा वेकारमा रचनाहरू कलाकारको स्नेह र साधनको प्रतिफलमा 'सालिक' हामी भन्दा बढ्ता सजिव भन्ने विचार को रहेको छ । कृष्णचन्दको जीवन सालिक हुनुभन्दा वढता अर्थ नराख्ने कुरा अभिव्यकक्ति गर्दछ । मृत्यु र जीवनको दोसाँधमा जीवनको फुर्के आशमा आस्थाको स्मरक उम्यएर बाँचिरहेको कुरा निबन्धकारले व्यक्त गरेका छन ।

**४.८.२ विचार /उद्देश्य**

कीलामा ठोकिएको जिन्दकीका केही पानाहरू नामक निबन्ध निबन्धकार कृष्णचन्द सिँह प्रधाको उत्कृष्ट निजात्मक निबन्ध हो यस निबन्ध मर्फत जीवन प्रतिको भाव वोधलाई विवध प्रसङ्ग र सन्दर्भमार्फत अभिव्यक्त गरेका छन् । लेखकीय स्वबाट वास्तविक स्वतर्फ उन्मूख जीवनमा मृत प्रय लेखकीय जीवनको उल्टयाँइ पल्ट्याँइलाई विविध उदाहरण मार्फेत देखाउदै लेखक कलाकारको कष्ट डर र वाध्यताकारी जीवनको चित्रण गरेका छन । हामी

आफै बाँचेको हो वा होइन यसको वोध अरुका अग्रह,अनुनय र अनुरोधले मात्र विझाइरहेको छ भन्ने कुरा व्यक्त गर्दछन् । सम्पादकको चिठी मार्फत लेखेको अवस्थालाई उजागर गरेका छन । लेखक स्वयम लेखक हुन नसकेको तथ्यमाथि प्रकाश पादै निबन्धकार आम मनिस जीवनको वेथितिपूर्ण चरीत्रलाई प्रष्टाउछन् अपराधका निम्ति बाँचिरहने हाम्रो हृदय दृढतामा आत्महत्या एक चुनौति र मृत्यु पछिको विद्रोह चित्रण गर्दछन। वाँच्नका लागि किलामा पनि सुत्नु पर्ने,किलामा पनि हिड्नु लाक्षगिक अर्थलाई उनी विभिन्न उदहरण संकेतद्धरा देखाउन खोजेका छन् यस निबन्धको मूल उद्देश्य भनेको जीवनका यावत् कष्टमय पीजपूर्ण अस्तित्व वोधलाई पाठक सामू प्रस्तुत गर्नु हो ।आफनो जीवन भोगाईलाई सामान्यकरण गदै आम यी जिन्दकी पानाहरूका पत्र पत्र पल्टाउनु यसको मूल अभिप्रय देखिनन्छ वर्तमान युगको लज्जास्पदका क्रममा युग नै मरेको भन्दै यस युगको असफलतासँगै देश र समाजको यधोगतिको पनि चित्रणको विचर व्यक्त गरिएकोछ । विन अर्थ वाँचेका अनुहार भन्दा सजीव 'सालीक वरावर नभएको खेद प्रकट गदै हामी र हामीभित्र हुर्केको विना प्रतिक्रियाको जड मानिसकताको सोच र जीवनशैलीलाई तीखो शब्द प्रयोग गरि जीवन उन्नत र अर्थपूर्ण जीउन कर्म गर्नुपर्ने कुरा व्यञ्जनाअर्थमा आफनो विचारलाई प्रकट गरेका छन् ।

### ४.८.३. प्रस्तुती /भाषाशैली

कीलामा ठोकिएका जिन्दगीका केहीपानाहरू निबन्ध निबन्धकारको कृष्णचन्द्रसिंह प्रधानको निजात्मक निबन्ध हो । प्रस्तुत निबन्ध प्रवाह शैलीमा विधि उदाहरण र प्रसङ्गहरूको जोड गर्दै सिङ्गो निबन्धको आकार प्रदान गरिएको यस निबन्धले शालीन शब्दको प्रयोग मार्फत विंसगति पूर्ण जीवनको यथार्थ चित्रण गर्न सफल भएकाछन् । मानव जीवनको विंसङ्गतीको सर्वेक्षणलाई समेत निबन्धकारले यस निबन्धको विषयबस्तुगत सेरोफेरो भित्र समेटेका छन् । जतिसुकै आपत विपतमा समस्या र सङ्कटमा पनि मानिस एउटा आस्थामा बाँचिरहेको हुन्छ । तर बाँच्ने कुनै अर्थ भने छैन । मानिस एक निर्दो प्राणी हो । उ स्वतन्त्रता पूर्वक बाँच्न पाउनु पर्छ तर आफ्नो अस्तित्व सुरक्षित गर्न सक्दैनन् । बाँच्नेका लागी संसार प्रसस्तै छ । तर आफुलाई कसैबाट परिचालित ठान्नेहरूको धारण सिजना गरेको जस्तोसुकै दु.खकष्ट भोगेर पनि सहजताका साथ बाँचेपछि सन्तुष्टि प्राप्त हुन्छ । निबन्धकार जीवनमा आफू बाँचेको आफैलाई विश्वास भएको आफैप्रति प्रश्न गर्दछ । प्रभूत्ववाट आपनो भाग्यको निर्णय आफै गर्ने स्वतन्त्रवीना आफ्नो मालिक आफै बन्न सकिन त्यसैले अन्तरआत्माको

विश्वाशिलो द्धिप सृष्टि गरी मान्छे प्रति हेर्ने दृष्टिकोण एउटै हुनुपर्छ । हार्दिकता तार्किकताको सन्तुलनको यस निबन्धको रचनाशैली निकै प्रभावकारी बनेको छ । जीवन मोडहरू पत्र पत्र पानापानाबाट केलाएर मानव जीवनका रहस्यमूलक कूराहरूको चित्रण गरिएको यस निबन्धले सिङ्गो मानिसको जीवनलाई केन्द्रविन्दु बनाउनुपर्ने निबन्धकारको निजी धारणहरूको सशक्त अभिव्यक्ति भएको छ । विविध उदाहरण दिएर यस निबन्धलाई पठनिय बनाएका छन । मृत्य, अपराध, आग्राह, लेख जस्ता कुराहरूलाई औल्यउदै जीवन कुन किसिमले जीउनुपर्छ भन्ने कुराको भाव व्यक्त गरेको छ । यस निबन्धमा जम्मा २९ अनुच्छेदमा लम्बिएको लामो निबन्ध पढ्दै जाँदा यसको विषयवस्तु भाषिक सरलता उपयुक्त सन्दर्भका उदाहरण रोचक लाग्दै जान्छ र निबन्ध टुङ्ग्याउन पनि आकर्षक छ । यसमा प्रयुक्त भाषा उत्कृष्ट साहित्यिक र लालित्यपूर्ण छ भने शैलि वर्णत्मक तथा व्यख्यात्मक छ । सरल र सहज हार्दिक र वोध गम्य पद पदावलीको प्रयोगले निबन्ध निकै रोचक र पठनिय वनेको छ ।

# पाँचौं परिच्छेद

# उपसंहार

कृष्णचन्द्रसिंह प्रधान चर्चाका दृष्टिले कम चर्चित निबन्धकार भए पनि नेपाली साहित्यका सबल र सफल निबन्धकार हुन् । २००४ सालमा 'झुत्रो लुगा' शीर्षकको निबन्धका माध्यमबाट उनी नेपाली निबन्धको फाँटमा उदाएका हुन ।[४७] उनी पूर्ववर्ती निबन्धकार लक्ष्मीप्रसाद देवकोटा र बालकृष्ण सम लगायतका नेपाली निबन्धकारका प्रवृत्तिलाई पछ्याउँदै थप मौलिक विशेषताका साथ नेपाली निबन्धको फाँटलाई उर्वर बनाउने निबन्धकार हुन् । 'सालिक' उनको मौलिक निबन्ध सँगालो हो । यस सङ्ग्रहभित्र आठवटा निबन्धहरू सङ्कलित छन् । यिनै निबन्धकृतिमा पाइने वैशिष्ट्यका आधारमा निबन्धकार कृष्णचन्द्रसिंह प्रधानको प्रवृत्तिगत मूल्याङ्कन गर्दा निम्नानुसार गर्न सकिन्छ ।

निबन्धकार प्रधानका निबन्धको विषयवस्तुको सेरोफेरो व्यापक रहेको छ । उनी व्यक्ति, समाज, राष्ट्र र अन्तर्राष्ट्रिय विविध विषयलाई आफना निबन्धमा समेट्छन् । उनी साहित्यिक व्यक्तित्व, साहित्यकारका कृतिगत भावसन्दर्भ, वैयक्तिक सन्त्रास, आवेग, संवेग, पुरा कथात्मक, पौराणिक ऐतिहासिक सन्दर्भ र तिनका सकारात्मक नकारात्मक परिणति, मानवसभ्यताको विकासयात्रामा देखिएका उपलब्धि, विश्वमानवजातिले भोग्नुपरेका समस्या र चुनौती चित्रण वर्णनसम्म आफ्नो विषयवस्तुगत सीमालाई व्याप्ती दिएका छन् ।

उनका निबन्धको मुख्य विषयवस्तुका रूपमा समाज नै रहेको छ । निबन्धकार प्रधानले आफू बाँचेको नेपाली समाज अझ त्यसमा पनि काठमाडौं उपत्यकाको युगीन समाजको चित्रण वर्णनलाई नै आफ्ना निबन्धको विषयवस्तु बनाएका छन् । यस क्रममा उनले समाजका राम्रा नराम्रा दुवै पक्षतर्फ दृष्टि पुऱ्याएका छन् । उनी आफ्ना निबन्धमा समाजका वास्तविकताको चित्रण गर्दछन् र नराम्रा पक्षको विरोध गर्दै सकारात्मक पक्षको समर्थन गर्दछन् अनि सामाजिक सौन्दर्य र आदर्शलाई प्रस्तुत गर्दछन् ।

समाजमा वास्तविकताको उद्घाटन गर्ने सन्दर्भमा उनले समाजमा रहेको भेदभाव, खिचातानी, अशिक्षा, अचेतना, अन्धविश्वास, रुढीगत परम्परा, शोषण, दमन, अन्याय, निराशा, कुण्ठा, आवेग, संवेगतर्फ दृष्टि पुऱ्याएका छन् । सहरिया सभ्यतामा देखिने यौन विकृति, सांस्कृतिक ह्रास, पर्यावरणीय विनाश भौतिक उन्नतिले ल्याएका उपलब्धि र

[४७] कल्पना लुइँटेल, पूर्ववत्, पृ ६७ ।

समस्या, आर्थिक समस्या चाकडी गरेर जीवनयापन गर्नुपर्ने विवशता, देशमा व्याप्त भ्रष्टाचार, अनियमितता, अप्रजातान्त्रिक संस्कार, राजनीतिक सामाजिक विकृति विसङ्गतिको कलात्मक अभिव्यक्ति गर्नमा निबन्धकार प्रधान निकै सिपालु देखिन्छन् ।

निबन्धकारले समाजमा विभिन्न पक्षमा प्रकाश पार्नका लागि अतीतका साथै समसामयिक घटना र प्रवृत्तिको पनि उल्लेख गरेका छन् । उनले नेपाली समाजमा साहित्यिक क्षेत्रमा देखिएका उपलब्धि र चुनौती, नेपाली साहित्यको उन्नतिप्रगतिका लागि तल्लीन साहित्यिक व्यक्तित्वको प्रशंसालाई पनि आफ्ना निबन्धको विषयवस्तुभित्र समेटेका छन् ।

निबन्धकार प्रधानले विश्वसमाजतिर दृष्टि लगाउने क्रममा ससारका विभिन्न देश र त्यहाँका गतिविधिलाई पनि आफ्ना निबन्धको विषयवस्तुगत सीमाभित्र समेटेका छन् । पूर्वीय तथा पाश्चात्य दुनियाका पौराणिक पुराकथात्मक सन्दर्भको उल्लेख गरेर निबन्धकार प्रधानले विश्वमानव जातिका संस्कार र सांस्कृतिक पक्षलाई निबन्धको विषयवस्तुगत सेरोफेरो बनाएका छन् । विश्व राजनीतिमा देखिएका साम्राज्यवादी विस्तारवादी नीति तथा विश्व विजयी बन्न चाहने शासकका उच्च महत्वाकांक्षी मनोवृत्तिलाई समेत निबन्धको विषयवस्तुभित्र समेट्ने प्रधानले धर्मका नाममा भएका युद्ध हिंसा, हत्या र त्यसले ल्याएका विनाशकारी तथा प्रतिशोधात्मक कार्य र मनोवृत्तिलाई आफ्ना निबन्धमा समेटेका छन् । विश्वमा देखिएको कला र विज्ञानको उन्नति विज्ञानले ल्याएका उपलब्धि र विनाश, अस्त्रबलमा विश्वास गर्ने परिपाटी, ठूला राष्ट्रले साना राष्ट्रमाथि गर्ने थिचोमिथो जस्ता विषयलाई र निजी जीवन भोगाइलाई समेटेर निबन्धको स्वरूप प्रदान गर्नु निबन्धकार प्रधानका निबन्धको विषयगत वैशिष्ट्य बनेको छ ।

समाजलाई जस्ताको तस्तै चित्रण गर्नु मात्र निबन्धकार प्रधानको अभीष्ट रहेको छैन । अतः उनी विभिन्न दर्शनका सहारा लिएर निबन्धलाई सजीव तुल्याउँछन् । मार्क्सवाद, गान्धीवाद, विसङ्गतिवाद, अस्तित्ववादको प्रभाव उनमा परेको छ । उनी निबन्ध रचनाका क्रममा कुनै खास दर्शनलाई कोरा रूपमा अँगाल्नु भन्दा दर्शनका सापेक्षतामा समाज चित्रण गर्नुका साथै विभिन्न दर्शनको समष्टि प्रभावमा आफ्नो चिन्तनलाई अगाडि सार्दछन् । समानता, स्वतन्त्रता, भातृत्व र विश्वबन्धुत्वको भावनाबाट प्रेरित प्रभावित निबन्धकार प्रधान समाजमा यस्तै भावना फैलाउन चाहन्छन् । समाजमा धार्मिक द्वन्द्व होइन धार्मिक सहिष्णुता हुनुपर्ने सन्देश दिन्छन् ।

विभिन्न दर्शनको सापेक्षतामा समाजको चित्रण वर्णन गर्न रमाउने निबन्धकार प्रधान चाहनाले इतिहास संस्कृति र कलाको पनि आड लिएको छ । इतिहासमा चर्चित विभिन्न सम्राट, देवीदेवता, धार्मिक व्यक्तित्व, दार्शनिकका साथै मिश्र, रोम, युनान, भारत, चीनका सभ्यताका प्रसङ्ग, वास्तुकला र मूर्तिकलाको विकसित अवस्थाको चित्रणमा उनी लहसिन पुगेका छन् । यसका साथै इतिहासका विभिन्न मोडमा देखिएका विध्वंशात्मक यथार्थ र तीसँग सम्बद्ध व्यक्तिको उल्लेख गर्दै विध्वंशात्मक प्रवृत्तिप्रतिको विद्रोहात्मक स्वर पनि उनका निबन्धको विषयक्षेत्र बनेको छ ।

नेपाली इतिहाससम्बन्धी निबन्धकारको ज्ञान र अनुभव पनि प्रधानका निबन्धमा रूपान्तरित भएको छ । नेपालको इतिहासका महत्वपूर्ण घटना र इतिहास प्रसिद्ध पुरुषहरूलाई पनि उनले निबन्धका विषय बनाएका छन् । यस क्रममा उनले प्राचीन समयदेखि हालसम्म नेपालको शासन व्यवस्थाका स्वरूप, शासन पद्धतिमा रहेका, आभीर,किराँत, लिच्छवी, मल्ल, शाह, राणा, आदिको उल्लेख गरेका छन् । निरङ्कुश राणाशासनपद्धति त्यसले जन्माएका विकृति विसङ्गति, पञ्चायती शासन पद्धतिभित्र कुण्ठित गरिएको वाकस्वतन्त्रता विरोधीहरूको दमन, देशको स्वतन्त्रताका लागि सहिदहरूले दिएका बलिदानी जस्ता विषयलाई निबन्धमा समेट्ने काम निबन्धकारले गरेका छन् । ऐतिहासिक घटनाको सुष्क, वर्णन नगरी त्यसलाई कलात्मक स्वरूपका साथ प्रस्तुत गर्न सक्नु प्रधानको निबन्धगत वैशिष्ट्य हो ।

कृष्णचन्द्रसिंह प्रधानका निबन्धमा राष्ट्रियताको भावना पनि अत्यन्त प्रबल रहेको छ । आफ्नो देश आत्मनिर्भर हुन नसक्दा र पराधीनतामा बाँचनुपर्दाको पीडा बोधलाई आफ्ना निबन्धमा समेट्ने काम प्रधानले गरेका छन् । पञ्चायतकालको अन्त्यतिर भारतले नेपालमाथि लगायको नाकाबन्दी र हस्तक्षेपबाट उनी मर्माहत भएको कुरा उनले यी विभिन्न निबन्धका माध्यमबाट उल्लेख गरेका छन् । यसका अतिरिक्त स्वदेशी प्राकृतिक वातावरण, नेपाली भाषा, संस्कृति, साहित्यप्रतिको निबन्धको अनुराग विभिन्न निबन्धका विषय बनेको हुँदा राष्ट्र र राष्ट्रियताप्रतिको मोहको अभिव्यक्ति उनका निबन्धको एक महत्वपूर्ण उपलब्धि बनेको पाइन्छ ।

निबन्धकार कृष्णचन्द्रसिंह प्रधानका अधिकांश निबन्ध विविध विषयका सुत्रले जेलिएका छन् । उनका अनेक विषयका ज्ञान र अनुभव तिनमा पोखिएका छन् । उनका निबन्धको खास विषयवस्तु मोटामोटीरूपमा अनुमान गर्न सकिने भए तापनि त्यसका

हाँगाबिँगा चारैतिर फैलिएका पाइन्छन् । सृष्टिको आरम्भदेखि वर्तमानसम्म तथा व्यक्ति मनका सम्वेगदेखि संसारका विविध फाँट चाल्ने काम उनले गरेका छन् । विषयवस्तुको विविधता र व्यापकताका दृष्टिले उनको निबन्धको क्षेत्र फराकिलो छ । वास्तवमा व्यक्ति र विशिष्ट व्यक्तित्व, समाज र सामाजिक चेत, देश र विस्तृत परिवेशलाई अँगाल्ने उनका निबन्धहरूमा जीवनप्रतिको समग्रताको बोध पाइन्छ ।[४८]

कृष्णचन्द्रसिंह प्रधानले निबन्धका बुनोट र बनोट तथा कथन-ढाँचामा पनि नयाँ नयाँ वान्की निकालेका छन् । उनका निबन्धमा अभिव्यक्तिका विभिन्न सन्दर्भका साथै आकारप्रकार, शीर्षक, सङ्कथन, चिन्ह प्रयोग आदिमा नवीनता र प्रयोगशीलता लटकिन्छ । त्यसैले संरचना र कथन ढाँचाका दृष्टिले उनका निबन्धमा मौलिक विशेषता अन्तर्निहित रहेको पाइन्छ ।

निबन्धकार प्रधान आफ्ना निबन्धमा बौद्धिकता र चिन्तशीलता कडा र शुष्क नभई भावनाको तरलतामा मुछिएर आएको हुन्छ । विचार र भावलाई सन्तुलित रूपमा प्रयोग गर्न सक्नु उनको मौलिक पहिचान हो । थोरैमा धेरै कुरा अटाउन सक्ने गरी प्रस्तुत गर्न सक्नु उनका निबन्धको संरचनागत उपलब्धि हो । 'गीतको दाम, कविताको भाउ, मानिसको मोलतोल' र 'भ्यागुतोलाई फाँसी र मूसालाई आजाम कैद' शीर्षकका दुईवटा निबन्धमा यस्ता विशेषता पाइन्छन् । यस किसिमका विशेषताले गर्दा उनका निबन्धहरू ओजपूर्ण बनेका छन् जसले गर्दा सामान्य पाठकका लागि यी निबन्धहरू विरसिलो लाग्नु पनि स्वभाविकै देखिन्छ । समष्टिगत बौद्धिकता र समष्टिगत भावुकताले गर्दा उनका निबन्धहरूको रचनाशैली नवीन र प्रयोगशील बन्न पुगेको छ । मान्छेको त्यो हिड्डुल, त्यो कोलाहल कति सुन्य-सुन्य, न्यानो-न्यानो लाग्ने । यी जीउँदा चित्रहरु, हिड्डुल गरिरहेका सडक, गल्लीहरु अनि देखाएका भित्ता-भित्ता र टुडाल-टुडालमा टाँसिएका, कुदिएका कलाहरु दाँज्छु र हेर्छु । कोलाहल र सुन्य, त्यो भिडभाड र यो मौनमौन सन्नाटा छैन, त्यो सन्नाटा छैन । म सँग आउँ अझ वर आउँ र हेर । यसरी निबन्धात्मक अभिव्यक्तिमा काव्यात्मक अभिव्यक्ति पाइनु उनमा रहेको छ । जीवनको भोगाई साहित्य, सङ्गीतको मूल्यमान्यता, देशको शासकीय स्वरुप, विद्रोहात्मक अभिव्यक्ति, मृत्यु र जीवन जस्ता कुराहरुलाई आफ्नो मौलिकतामा ढाल्दै निबन्धलाई सजिव तुल्याउने कार्य गरेका छन् ।

---

[४८] माधवप्रसाद घिमिरे, (प्रकाशकीय), 'अनाम सत्य' (काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५२) ।

निबन्धकार प्रधानले कतिपय निबन्धमा शीर्षक र वर्ण्य विषयका बीच सोझो सम्बन्ध स्थापित गरेर विषयवस्तुलाई सरल र रैखिक ढाँचामा अगाडि बढाएको पाइन्छ भने कतिपय निबन्धमा विषयवस्तुलाई प्रस्तुत गर्ने सम्बन्धमा शीर्षक र वर्ण्यविषयका बीच व्यङ्ग्यात्मक सम्बन्ध स्थापित गरी प्रस्तुतिलाई विश्रृङ्खलित, अव्यवस्थित र सूत्रवत् रूपमा अनेकौँ सन्दर्भ र प्रसङ्गलाई जोडेर दुर्बोध र प्रयोगशील बनाएको भेटिन्छ ।

निबन्धकार प्रधानले नितान्त व्यक्तिगत कुरालाई पनि सार्विजनिक तुल्याई समाजसँग त्यसको सम्बन्ध गाँस्ने विधिको कुशल प्रयोग गरेका छन् । त्यसैले विभिन्न साहित्यकारका संस्मरणमा उनले लेखेका निबन्धमा पनि समाजका आर्थिक सामाजिक, शैक्षिक साहित्यिक अनेकौँ पक्ष अङ्कित भएका छन् । यसरी वैयक्तिक विषयलाई सामान्यीकरण गरेर त्यसलाई साझा रूप दिने कुरामा उनको कथनढाँचाले मौलिक स्वरूप प्राप्त गरेको छ ।

निबन्ध जस्तो विशुद्ध गद्यात्मक विधामा कवितात्मक संरचना प्रदान गर्नु उनको रचनागत वैशिष्ट हुन गएको छ । उनले शीर्षक चयनमा पनि प्रयोगशीलता देखाएका पदावलीगत र वाक्यगत स्वरूपका शीर्षक राखेर कतिपय शीर्षकमा पद तथा पदावलीका बीचमा विसर्ग चिन्हको प्रयोग गर्ने काम प्रधानले गरेका छन् । त्यसैले प्रस्तुतिमा नवीनता वा प्रयोगशीलता कृष्णचन्द्रसिंह प्रधानको संरचनागत मौलिक पहिचान हो भन्न सकिन्छ ।

निबन्धकार कृष्णचन्द्रसिंह प्रधानले भाषाशैलीमा पनि आफ्नो सृजनात्मक मौलिकता देखाएका छन् । उनले विषयवस्तुको प्रस्तुतिमा कलात्मकता अपनाएका छन् । निजात्मक प्रस्तुति उनका अधिकांश निबन्धको विशेषता हो । भाषाशैलीगत प्रयोगशीलता र बौद्धिकता र व्यङ्ग्यात्मकताको समिश्रित स्वरूपले गर्दा उनका निबन्धहरूले शैलीगत उत्कर्षता प्राप्त गरेका छन् ।

निबन्धकार प्रधानका 'सालिक' भित्रका सबैजसो निबन्धमा तर्क र व्यङ्ग्यले महत्वपूर्ण स्थान ओगटेका छन् । उनका 'गीतको दाम, कवितामो भाउ, मानिसको मोलतोल, भ्यागुतोलाई फाँसी र मुसालाई आजन्म कैद, टाइटफिट-किरिमिर रेखाको ड्यास, कीलामा ठोकिएका जीन्दगीका केही पानाहरू, बौद्धिक र व्याङ्ग्यात्मक अभिव्यक्ति उत्कृष्ट नमूना निबन्धका रूपमा रहेका छन् ।

निबन्धमा कलात्मक सौन्दर्यको सृष्टिका लागि निबन्धकार प्रधानले विभिन्न किसिमका विम्ब, अलङ्कार र प्रतिकको उपयोग गरेका छन् । उनले शब्दालङ्कार र

अर्थालङ्कार दुवैका माध्यमबाट आफ्नो आलङ्कारिक अभिव्यक्ति प्रकट गरेका छन् । वर्ण, पद, पदावली, वाक्यांश र वाक्यका पुनरावृत्तिद्वारा उनले अनुप्रासको कुशल र बृहत् प्रयोग गरेका छन् । जसले गर्दा गद्यात्मक अभिव्यक्तिमा काव्यात्मकता जीवन्त बनेको छ । सव यथावत् छन् । यसरी निबन्धात्मक अभिव्यक्तिमा अनुप्रासीयताको कुशल आयोजनाद्वारा सङ्गीतात्मकता सिर्जना गर्ने कला निबन्धकार प्रधानको रहेको छ ।

समष्टिमा भन्नुपर्दा निबन्धकार कृष्णचन्द्रसिंह प्रधानको संचरनात्मक वा कथनात्मक ढाँचामा-वैचारिकता, बौद्धिकता, तार्किकता, समालोचनात्मकता, विश्लेषणात्मकता, काव्यात्मकता, आत्मपरकता, व्यङ्ग्यात्मकता, प्रतिकात्मकता, आलङ्कारिक सौन्दर्य, भाषिक शुद्धता, अभिव्यक्तिगत सुस्पष्टता, सङ्क्षिप्तता तथा सूत्रात्मकता जस्ता विशेषताहरू भेटिन्छन् ।

# सन्दर्भग्रन्थसूची


अधिकारी, रामलाल, **नेपाली निबन्ध यात्रा**, दार्जिलिङः नेपाली साहित्य सञ्चायिका, २०३२ ।

अर्याल, भैरव (सम्पा.), **पच्चीस वर्षका नेपाली निबन्ध**, काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३९ ।

आचार्य, कृष्णप्रसाद, **साहित्यकार कृष्णचन्द्रसिंह प्रधानको जीवनी, व्यक्तित्व र कृतित्वको विश्लेषणात्मक अध्ययन**, त्रि.वि. मा प्रस्तुत स्नातकोत्तर शोधपत्र, २०४३ ।

उपाध्याय, केशवप्रसाद, **साहित्य प्रकाश**, (पाँ. सं.) काठमाडौंः साझा प्रकाशन, २०५१ ।

कुँवर, उत्तम, **स्रष्टा र साहित्य,** (चौ.सं.) काठमाडौंः साझा प्रकाशन, २०५० ।

घिमिरे, कृष्णचन्द्र, **निबन्धकार लक्ष्मीप्रसाद देवकोटोका निबन्धकारिताको विश्लेषण र मूल्याङ्कन,** त्रि.वि.मा प्रस्तुत स्नातकोत्तर शोधपत्र, २०३८

घिमिरे, माधवप्रसाद, (प्रकाशकीय) **अनाम सत्य,** काठमाडौंः नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५२ ।

त्रिपाठी, बासुदेव, **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा, भाग १,** (ते.सं.) काठमाडौंः साझा प्रकाशन, २०४८ ।

थापा, मोहनहिमांशु, **साहित्य परिचय,** (चौ. सं.) काठमाडौँ, साझा प्रकाशन, २०५० ।

दाहाल, रामप्रसाद, **सिङ्गो नेपाली भाषा साहित्यको इतिहास र साहित्यकारहरूको परिचय**, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, २०५४ ।

प्रधान, कृष्णचन्द्रसिंह, **सालिक,** (दो. सं.) काठमाडौँ, साझा प्रकाशन, २०५५

बर्मा, धिरेन्द्र, (सम्पा.) **हिन्दी साहित्य कोश** (दो.सं.) वाराणासीः ज्ञान मण्डल लिमिटेड, २०२० ।

लुइँटेल, कल्पना, **कृष्णचन्द्रसिंह प्रधानको निबन्धकारिता**, त्रि.वि. मा प्रस्तुत स्नातकोत्तर शोधपत्र, २०५३ ।

लुइँटेल, खगेन्द्रप्रसाद र गौतम देवीप्रसाद, **नेपाली निबन्ध**, काठमाडौंः नवीन प्रकाशन, २०५४ ।

शर्मा, गोपीकृष्ण, **नेपाली निबन्ध परिचय** (ते.सं.) काठमाडौंः, रत्नपुस्तक भण्डार, २०५५ ।

शर्मा, तारानाथ (सम्पा.), **पच्चीस वर्षका नेपाली निबन्ध**, काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३९ ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** काठमाडौंः साझा प्रकाशन, २०४९ ।

सुवेदी, राजेन्द्र, **केही समीक्षण केही विश्लेषण**, काठमाडौंः साझा प्रकाशन, २०४९ ।

सुवेदी, राजेन्द्र, **स्रष्टा सृष्टि द्रष्टा दृष्टि,** काठमाडौंः साझाप्रकाशन, २०४९ ।

सुवेदी, राजेन्द्र, **स्नातकोत्तर नेपाली निबन्ध**, काठमाडौं, पाठ्यसामग्री पसल, २०५६ ।